# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक १७१ | काठमाडौं | बिहिबार, २४ असोज २०८१ | Prabhab National Daily | Thursday, October 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-







**प्रकाशन स्थगन हुनेबारे सूचना**

विजया दशमीको बिदाका कारण यस **प्रभाव दैनिक**को प्रकाशन भोलि असोज २५ देखि २८ गतेसम्म स्थगन हुने छ । असोज २९ गतेदेखि हामी पुनः नियमित प्रकाशनमा आउने जानकारी गराउँदछौं ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**

## यसभित्र


- नेपाली नेत्ररोग विशेषज्ञ बंगलादेशका घाइतेको आँखा उपचारमा तल्लीन –पृष्ठ २
- तस्बिरमा दसैंको रौनक –पृष्ठ ३
- दसैं उत्सवको सेरोफेरो –पृष्ठ ४
- नयाँ नोट नछाप्दा डेढ अर्ब फाइदा –पृष्ठ ८


# दसैं उत्सव



तस्बिर: रासस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हिन्दू धर्मावलम्बीहरूको महान् पर्व बडा दसैं भित्रिइसकेको छ । दसैंले गाउँ-सहरलाई छपक्कै छोपेको छ । देश तथा विदेशमा रहेका हिन्दूधर्मावलम्बी नेपालीहरू दसैं मनाउने अन्तिम तयारीमा जुटिसकेका छन् । विदेशमा रहेकाहरू दसैं मनाउन घर फर्किएका छन् । यस वर्ष अविरल वर्षापछिको बाढीपहिरोले दसैंको मुखैमा ठूलो क्षति पुऱ्यायो । विपद्प्रभावित क्षेत्रका नागरिक अझै पनि राहत र पुनःस्थापनाको पर्खाइमा छन् ।

राजधानी काठमाडौंसँग जोडिएका सबै सडकमार्ग बाढीपहिरोबाट क्षतविक्षत भए पनि अहिले अधिकांश सडक सञ्चालनमा आएका छन् । यद्यपि, यात्रा विगतमा जस्तो सहज छैन । यसका बाबजुद् विभिन्न पेसा, व्यवसाय तथा अध्ययनको सिलसिलामा काठमाडौंलगायत सहरी क्षेत्रमा बस्दै आएकाहरू दसैं मनाउन वैकल्पिक मार्ग प्रयोग गरेर भए पनि आफ्नो गाउँघर फर्किनेक्रम जारी छ ।

वडादसैंअन्तर्गत आज फूलपाती । दसैंको सातौं दिन । सप्तमी तिथिमा पर्ने यस दिन वडादसैंको महत्त्वपूर्ण दिन पनि हो । घटस्थापनाका दिन राखिएको जमरा र फूलपातीलाई आज दसैंघरमा भित्र्याइन्छ ।

(क्रमशः पृष्ठ २ मा)

- आज फूलपाती भित्र्याइँदै, टुँडिखेलमा सेनाको बढाइँ
- दसैं मनाउन उपत्यकाबाट घर फर्कनेको चाप, बुधबारसम्म करिब सात लाख मानिस बाहिरिए
- यस वर्ष अष्टमी र महानवमी एकै दिन
- टीकाको उत्तम साइत असोज २६ गते बिहान ११:३६ बजे

### टीका २६ गते, उत्तम साइत ११:३६ बजे

यस वर्ष विजया दशमीको मुख्य दिन अर्थात् टीका असोज २६ गते परेको छ । उक्त दिन बिहान ११:३६ बजे टीकाका लागि उत्तम साइत रहेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ ।

यद्यपि, उक्त दिन आफ्नो अनुकूलतामा मान्यजनबाट टीका थाप्न सकिने समितिको भनाइ छ । असोज २६ गते विजया दशमीका दिन बिहान ८:३३ बजे देवी विसर्जनको साइत रहेको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

बेरोजगारीको बाध्यता

# चाडपर्वमा पनि रोकिएन विदेश यात्रा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अभाव, गरिबी र बेरोजगारीका कारण मुलुकबाट बर्सेनि लाखौं युवा वैदेशिक रोजगारीमा जाने गरेको जगजाहेरै छ । यतिसम्म कि चाडपर्वको मुखैमा पनि वैदेशिक रोजगारीमा जानुपर्ने आमयुवाको बाध्यता बनेको छ ।

हिन्दू नेपालीहरूको महान चाड दसैं सुरु भएको छ । तर, दसैंकै मुखमा रोजगारीका लागि विदेश जाने नेपाली युवाको त्रिभुवन विमानस्थलमा लर्को देखिन्छ । वैदेशिक रोजगारीका लागि म्यानपावर धाउँदाधाउँदा दसैंको मुखमै भिसा आएकाले विदेश जान लागेको काभ्रेका रवि गौतमले बताए । आफ्नो र परिवारको भविष्य उज्वल बनाउनु महत्त्वपूर्ण भएकाले दसैं भनेर बस्न नपाइएको उनको भनाइ छ । उनका अनुसार फूलपातीकै दिन उनको युएई उडान तय भएको छ ।

चाडपर्वमा परिवारसँग बसेर रमाइलो गर्ने मन हुँदाहुँदै पनि विदेशिनुपर्ने नेपालीहरूको बाध्यतालाई सबैले स्वीकार्नुपर्ने बाराका प्रदिप मैनालीले बताए । उनी कोरियामा पहिलो चरणको कार्यावधि सकेर नेपाल फर्किएका थिए । 'तर, कमिटेड वर्कर भएका कारण पुनः भिसा आयो र कोरिया फर्किनुपर्ने हतारो भयो,' उनले भने, 'छ-सात वर्ष भइसक्यो परिवारसँगै बसेर दसैं मनाउन नपाएको, यो चोटी मनाउन पाइन्छ कि भन्ने थियो तर भिसा आइहाल्यो, नगए रोजगारी गुम्ने डर, बाध्य भएर कोरिया आइयो ।'

उल्लिखित व्यक्तिहरू प्रतिनिधिपात्र मात्रै हुन् । उनीहरूजस्तै बाध्य भएर वैदेशिक रोजगारीका लागि दैनिकरूपमा १५ सयभन्दा बढी युवा बहिरिएको वैदेशिक रोजगार विभागको तथ्यांकले पनि देखाउँछ । वैदेशिक रोजगारीमात्र नभई अध्ययनका लागि पनि विदेशिने नेपालीको संख्या बढ्दै गएको छ । दसैंको सम्मुखमा २० हजारभन्दा बढी युवाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । गत वर्ष यो संख्या २५ हजारभन्दा बढी रहेको बताइन्छ ।

दसैंमा विदेशिनेमात्र नभई स्वदेश आउने नेपालीको संख्या पनि उल्लेख्य रहेको सुवेदीले बताए । 'दसैं मनाउन विभिन्न मुलुकबाट स्वदेश फर्कने र परिवारबाट बिछोडिएर वैदेशिक रोजगारीमा जाने कामदारको संख्या बराबारी जस्तै छ,' उनले भने, 'भिसा आएर श्रम स्वीकृति र हवाई टिकट लिएपछि दसैं भनेर बस्ने अवस्था हुँदैन, यो चाहिँ बाध्यता नै हो ।'



फाइल तस्बिर

### दसैं बिदामा नयाँ श्रम स्वीकृति नपाइने

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले काम गर्न विदेश जाने कामदारलाई दिइने श्रम स्वीकृति दसैं बिदाभरि बन्द हुने जनाएको छ । बिदा आवधिमा श्रम स्वीकृति बन्द भए पनि यसअघि नै टोकन लिइसकेका कामदारलाई भने रोक नलगाइने विभागले उल्लेख गरेको छ । फूलपाती अर्थात् आज (बिहीबार)बाटै दसैं बिदा हुने भएकाले नयाँ श्रम स्वीकृति दिन बन्द गरिएको विभागका निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले बताए । दसैंपछि पुनः श्रम स्वीकृति सेवा भने नियमित रहने उनले जानकारी दिए । 'पहिल्यै टोकन लिइसकेकाहरूलाई बिदाले रोक्दैन, श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको छ,' उनले भने ।

दसैं तिहारजस्ता चाडपर्वमासमेत ठूलो संख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् । यसअघि दसैंको टीकाकै दिनमा पनि सयौंको संख्यामा नेपालीहरू वैदेशिक रोजगारीमा जाने गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको अध्यागमन कार्यालयले जनाएको छ । यही असोज महिनाको २० गतेसम्म (चाडपर्वको मुखैमा) ४८ हजारभन्दा बढी युवाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउन महिनामा ५९ हजार ५७५ जना र भदौ महिनामा ५७ हजार ४९३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

### शव ढुवानी सेवा नरोकिने

वैदेशिक रोजगार बोर्डको सचिवालयले दसैं बिदामासमेत शव ढुवानी कार्य निरन्तर हुने जनाएको छ । सचिवालयले बुधबार एक विज्ञप्ति जारी गर्दै विजया दशमीको सार्वजनिक बिदा आज बिहीबारदेखि २८ गतेसम्म सचिवालय बन्द रहेता पनि त्रिभुवन विमानस्थलबाट मृतकको घरपरिवार र ठेगानासम्म शव ढुवानी गर्ने कार्य निरन्तर रहने उल्लेख गरेको छ ।

बोर्डका निर्देशक एवं सूचना अधिकारी टीकाराम ढकालले अनिवार्य तथा आकस्मिक कार्यहरू बिदाको समयमा पनि जारी रहने बताए । 'जानकारी एवं सहायताका लागि फोकल पर्सन नै तोकिएको छ,' उनले भने, 'अत्यावश्यक कार्यका लागि बोर्डको वेबसाइटमा गएर तोकिएका अधिकारीहरूलाई सम्पर्क गरी सेवा लिन सकिने छ ।'

# कुलमान हटाउन ओलीको जोडबल

- कुलमानलाई सोधियो १५ बुँदे स्पष्टीकरण
- ओलीको 'ब्याक अप'मा ऊर्जामन्त्रीले सोधे स्पष्टीकरण
- १५ दिनको समयसीमामा स्पष्टीकरण बुझाउनुपर्ने



**कुलमान घिसिङ**
कार्यकारी निर्देशक, नेवि प्राधिकरण



**दीपक खड्का**
ऊर्जामन्त्री

■ **जेबी योञ्जन**

काठमाडौं– प्रधानमन्त्री केपी शर्मा ओली अमेरिका भ्रमणबाट फर्किएको साता दिनमै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने खेलोफड्को सुरु भएको छ । ओलीले अमेरिका जानुअघि नै घिसिङलाई हटाउन चाहेका थिए । तर, त्यसबेला सम्भव भएन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्राधिकरणको डेडिकेटेड फिडर र ट्रंकलाइन महसुल विवाद छानबिनका लागि दिने तयारी गरेका थिए ।

चौतर्फी विरोधका कारण पछि हटेका ओलीले 'ग्रिन सिग्नल' दिएपछि बुधबार घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल, पोल र ट्रान्सफर्मर खरिदलगायतका १५ विषयमा विवरण मागेको हो । ती विवरण बुझाउने अवधि १५ दिन भनिएको छ । ऊर्जामन्त्री दीपक खड्काले मन्त्रीस्तरीय निर्णयबाट उक्त स्पष्टीकरण मागिएको हो ।

प्राधिकरणको केन्द्रीय स्टोर प्रमुखको रूपमा गत ५ वर्षदेखि कार्यरतहरूको पद र योग्यता खुलेको विवरण माग गरिएको छ । मन्त्रालयले विगत चार वर्षमा प्राधिकरणबाट भए गरेका सबै काम, सहमति सम्झौता, कर्मचारी र वित्तीय विवरण घिसिङसँग मागेको छ ।

प्राधिकरणको कर्मचारी सेवा, सर्तसम्बन्धी विनियमावली (संशोधनसहितको) एवं आर्थिक प्रशासन विनियमावली (संशोधनसमेत) र सोसँग सम्बन्धित विगत चार वर्ष अवधिमा सञ्चालक समितिले गरेका विभिन्न मितिका निर्णयहरू मागिएको छ । विगत चार वर्षको अवधिमा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गरेको अधिकारको विवरण (निर्णय मिति खुल्नेगरी) उपलब्ध गराउन पनि भनिएको छ ।

प्राधिकरणले छिमेकी मुलुकहरूका व्यावसायिक संस्थाहरूसँग गरेको विभिन्न मितिका सम्झौता एवं समझदारीपत्रहरूको विवरण, प्राधिकरणका सहायक कम्पनीहरूमा रहेको प्राधिकरणको सेयर संरचना एवं ती कम्पनीहरूको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरूको विवरण र ती कम्पनीहरूमा प्राधिकरणको तर्फबाट हाल काजमा खटिएका कर्मचारीहरूको विवरण मागिएको छ ।

यसअघि प्राधिकरणसँग संसद्को सार्वजनिक लेखा समितिले डेडिकेटेड र ट्रंकलाइन महसुल विववादमा टीओटी मिटर बिल मागेको थियो । घिसिङले एक ट्रक बिल बुझाए । उक्त बिल अहिलेसम्म अध्ययन गरेको छैन ।

(क्रमशः पृष्ठ २ मा)

# नेपाली नेत्ररोग विशेषज्ञ बंगलादेशका घाइतेको आँखा उपचारमा तल्लीन



**काठमाडौं-** नेपालको आँखा उपचार सेवाले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठा हासिल गरिरहेको छ । पछिल्लो समय भारतीय सीमा क्षेत्रका नागरिक एवं अन्य देशका नागरिकसमेत नेपालका आँखा उपचार केन्द्रमा सेवा लिन आउनेक्रममा वृद्धि भइरहेको छ । अर्कोतर्फ नेपालका नेत्रविशेषज्ञले विदेशमा पुऱ्याएको सेवा तथा अनुसन्धान अब्बल कहलिएका छन् ।

नेपाली नेत्रविशेषज्ञद्वय सुशीला पटेल र सविता ढकालले बंगलादेशको आन्दोलनका क्रममा आँखामा समस्या देखिएका घाइतेका ढाकामा विशेषज्ञ सेवा प्रदान गरिरहेका छन् । घाइतेको आँखा उपचार गर्न नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर रण अम्बिका शाह आँखा अस्पताल भैरहवाले चिकित्सकद्वयलाई त्यसतर्फ पठाएको थियो । अस्पतालका व्यवस्थापक प्रकाश रायमाझीका अनुसार अस्पतालमा कार्यरत डा. पटेल कर्नियल सर्जनको एसोसियट प्रोफेसर तथा डा. ढकाल भिट्रो रेटिना सर्जन हुन् । उनीहरू नेसनल इन्स्टिच्युट अफ अप्थालमोलोजी ढाकाको आग्रहमा बंगलादेश गएका हुन् ।

अस्पतालका सूचना अधिकारी प्रतीक पाण्डेका अनुसार नेपाली चिकित्सकले यही असोज १८ गतेदेखि ढाकामा विशेषज्ञ उपचार सेवा प्रदान गरिरहेका छन् । यो क्रम यही असोज २३ गतेसम्म जारी रहने छ ।

आन्दोलनका क्रममा बंगलादेशको राजधानी ढाकामा विशेष गरेर आँखामा चोट लागि नानी च्यातिएका, नानीमा गहिरो चोट लागेका, आँखाको पर्दा च्यातिएका, आँखामा चोट लागि घाइते भएका, आँखामा रगत आएकालगायत समस्या देखिएका बिरामीको उपचारका साथै शल्यक्रिया गरिएको छ ।

नेपाल नेत्रज्योति संघका महासचिव भरतबहादुर चन्दका अनुसार सेवा नेपाल र सेवा फाउन्डेसनको समन्वय तथा नेसनल इन्स्टिच्युट अफ अप्थालमोलोजी ढाकाको आग्रहमा अस्पतालमा कार्यरत चिकित्सकलाई बंगलादेश पठाइएको हो । उनले भने, 'छिमेकीलाई समस्या पर्दा सहयोग गर्नु हाम्रो कर्तव्य हो । विगतमा पनि हामीले बंगलादेशस्थित नेपाली दूतावासको समन्वयमा बंगलादेशमा आँखा परीक्षण शिविर सञ्चालन गरिसकेका छौं । उनीहरूले सेवा फाउन्डेसनमार्फत चिकित्सक पठाउन आग्रह गरेपछि हामीले हाम्रो अस्पतालमा कार्यरत चिकित्सलाई बंगलादेश पठाएका छौं । यसले दुई देशबीचको सम्बन्ध नागरिकस्तरमै थप प्रगाढ हुने विश्वास लिएका छौं र आगामी दिनमासमेत दूतावाससँगको सहकार्यमा बंगलादेशका विभिन्न स्थानमा आँखा शिविर सञ्चालन गर्ने योजना बनाएका छौं ।'

पछिल्लो समय बंगलादेशबाट व्यक्तिगतरूपमा नै आँखाका बिरामी उपचारका लागि नेपाल आइरहेका छन् । संघको तथ्यांकअनुसार सन् २०२३ मा मात्र भारत बंगलादेशसहित विभिन्न देशबाट आठ लाखभन्दा बढी बिरामीले संघको सञ्जालमार्फत आँखाको उपचार गराएका छन् ।

संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले भने, 'गत वर्ष मात्र पनि हाम्रो सञ्जालमार्फत आठ लाखभन्दा बढी गैरनेपाली बिरामीले आँखा उपचार सेवा लिएका छन् । यसले हाम्रो उपचारमा अन्य देशका नागरिककोसमेत विश्वसनीयता बढेको छ भन्ने देखिन्छ ।' *रासस*


## साउदीमा रोजगार

कम्पनी : Del Monte Saudi Arabia Co Ltd Factory

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ LT. No. 312055 चलानी नं.६०२२६४९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loding Unloding Labour | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Del Monte Saudi Arabia Co Ltd Factory

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ LT. No. 312056 चलानी नं.६०२२६४९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १ गते (17th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : Kafaat Al-Tariq Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ LT. No. 312059 चलानी नं. ६०२२६४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Worker | 7 | 0 | 1700 | ६०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १ गते (17th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### विधुतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२३ गते)

आ.व. २०८१/०८२ मा बेलबारी नगरपालिका कार्यालयको तपसिल बमोजिमको कार्य प्रचलित कानुन बमोजिम विधुतीय बोलपत्र माध्यमबाट गर्नुपर्ने भएकोले इजाजत प्राप्त व्यवसायीबाट रितपूर्वक बोलपत्र पेश गर्नकालागि सूचना आव्हान गरिएको छ । बिस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको *website https://www.bolpatra.gov.np/egp/* मा हेर्नुहुन समेत सुचित गरिन्छ ।

**तपसिल** :

| क्र. स. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट बाहेक पीएस सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १. | BM/MOR/W/NCB-08-2081/082 | जनहित मार्गमा सिम्पाने टोल देखि मिर्मिरे फुटबल ग्राउन्डसम्म एजीङ सहित स्तरउन्नती बेलबारी ३ | ६१४२९८२।७५ | १६००००।०० | ३०००।०० | बोलपत्र (इजीपी मात्र) |

**नोट**:
१. बोलपत्र आंशिक वा पूर्णरूपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
२. उल्लेखित बोलपत्रको कार्य सम्पन्न गर्नुपर्ने मिति २०८२/०१/३० हुनेछ ।
३. बोलपत्र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिने छ ।
४. सूचनामा उल्लेखित सर्तहरूमा थप प्रस्टीकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएको अन्य बिषयहरु सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Aandhikhola Rural Municipality
## Office of Rural Municipal Executive
Krishi, Syangja, Gandaki Province, Nepal

### Invitation for Bids for the
### i) Upgrading Of Fulbari Majhkatera Aarthar Ramjha Deurali Road
### ii) Upgrading Of Puwadanda kamerepani Karkineta Road

Contract Identification No:- i) ANDH-W-NCB-FR-01-2081-82
Contract Identification No: ii) ANDH-W-NCB-PK-02-2081-82
**Date of publication: 10 October 2024**

1. The Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive Krishi Syangja invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.

| Contract ID | Description and Location Of Work | Approved Estimated Amount (Without VAT,PS,& Contingencies) Nrs. | Bid Document Fee(Nrs) | Bid Security Amount(Nrs) | Bid Validity Security Period |
|---|---|---|---|---|---|
| ANDH-W-NCB-FR-01-2081-82 (Single stage Two envelope system) | Upgrading of Fulbari Majhkatera aarthar Ramjha Deurali Road | NA | 5000 | 900,000.00 | 120 Days |
| ANDH-W-NCB-PK-02-2081-82 (Single envelope System) | Upgrading of Puwadanda kamerepani Karkineta Road | 1,14,64,777.84 | 3000 | 290,000.00 | 120 Days |

2.Information to deposit the cost of Bidding Document and bid bond in bank:

| Office Name | Aandhikhola Rural Municipality, Krishi, Syangja | Last Date Of Submission | Pre Bid Meeting |
|---|---|---|---|
| Name of Bank | NIC Asia Bank Ltd, Krishi branch | 10 November 2024, 12.00 hrs for both contract (i)&(ii) | 23 october 2024, 13.00 hrs hrs for both contract (i) & (ii) |
| Dharautti Account no: | N4CA052540052402 Dharautti (ga-3) | | |
| Rajaswa Sirsak No: | 2342050028676002 Revenue Heading Ga-1.1 | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's Website **http//www.bolpatra.gov.np/egp.**
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Eligible Bidders may obtain detail information by inspecting the bidding Documents at the Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi, Syangja or From Website: www.aandhikholamun.gov.np or may visit PPMo website: **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, २४ असोज, २०८१

**मेष** कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।

**वृष** केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।

**मिथुन** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।

**कर्कट** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**सिंह** धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।

**कन्या** परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।

**तुला** अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको

**वृश्चिक** मार्गदर्शन अनुचित लाग्नेछ ।

**धनु** लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

**मकर** समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।

**कुम्भ** आफ्नै बेहोसीले नोक्सान पुर्याउला।

**मीन** शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ असोज, २०८१ (१० अक्टुवर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४८.०२ | १४८.६८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.६६ | १७६.४४ |
| स्विस फ्रैन्क | १ को | १५७.७७ | १५८.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.७४ | ९२.१५ |
| क्यानाडियन डलर | १ को | ९९.०२ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०३.३६ | १०३.८२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३१.७६ | ३१.९० |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १३.०२ | १३.०८ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.२६ | १७.३४ |
| कुवेती दिनार | १ को | ४३८.२० | ४४०.१७ |
| बहराइन दिनार | १ को | ३५५.५७ | ३५७.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# दसैंको रौनक













१) भारतको विभिन्न सहरमा रोजगारीका लागि पुगेका नेपालीहरू दसैं तिहार पर्व मनाउन नेपालगञ्जस्थित जमुनाह नाकाबाट घर फर्किंदै । २) कपिलवस्तुको चन्द्रौटामा बुधबार पिङ खेल्दै बालबालिका । ३) गोंगबुस्थित नयाँ बसपार्कमा घर जान गाडी चढ्न आएका यात्रुहरूको घुइँचो । ४) महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–१ मा दुर्गा पूजाका लागि बिजुली बत्तीले झिलिमिली सजाइएको दुर्गा मन्दिर । ५) जिल्ला ट्राफिक कार्यालय काभ्रेपलाञ्चोकद्वारा 'समुदाय–प्रहरी साझेदारी' कार्यक्रमअन्तर्गत चाडबाड लक्षित सवारी दुर्घटना न्यूनीकरणका लागि बुधबार बनेपास्थित अरनिको राजमार्ग छेउमा आयोजित चालक तथा सहचालक एवं सर्वसाधारणको स्वास्थ्य परीक्षण गर्दै । ६) बडादसैंको अवसरमा आवश्यक सरसामान खरिद गर्न सीमावर्ती भारतीय सहर जयनगरमा रेल चढेर जान बुधबार बिहान जनकपुरधामको रेल्वे स्टेसनमा यात्रुहरूको घुइँचो ।

*तस्बिरहरू: रासस*

पृष्ठ १ बाट क्रमशः

## दसैं उत्सव...

कालरात्री देवीको पूजा अर्चना गरिनुका साथै नेपालीका घरघरमा फूलपाती भित्र्याइन्छ ।

दसैंघरमा उखुको बोट, केराको बोट, बेलपत्र, दारिम, अशोक, बेल, मानक, कर्चुर, धानको बोट, जयन्ती, धानको बाला, अशोकको पात, अदुवाको बोट र नयाँ फलफुलका पालुवालाई शुभ साइतका रूपमा फूलपाती मानेर भित्र्याइन्छ । काठमाडौंको बसन्तपुरमा भने गोरखा दरबारको दसैंघरबाट ल्याइएको फूलपाती परम्पराअनुसार नै भित्र्याइन्छ । गोरखाबाट धादिङको जीवनपुर हुँदै काठमाडौंको जमलसम्म ल्याइएको फूलपातीलाई नेपाली सेना तथा प्रहरीको पल्टन, निजामती उच्चपदस्थ कर्मचारीहरू, आशागुर्जा टोली, ब्याण्डबाजा, पञ्चेबाजासहित सिंगारिएका कलस्यौलीहरू, सांस्कृतिक झाँकी र पाँचजना गुरु पुरोहितको समूहले हर्ष बढाइँका साथ बसन्तपुर हनुमानढोकास्थित दसैंघरमा भित्र्याउँछन् ।

यसैगरी गोरखा दरबारमा भने साइत हेरी भृकुटी सुसारेहरूले दरबार क्षेत्रमा रहेको जंगलबाट ल्याएका नवपत्रिका अर्थात् नौ खालका फूलहरू- जयन्ती, अशोका, वेलपत्र, केरा, उखु, सामा, धान, फुन्द्रेका फूल सतिपिपलको निसान सिंगार्ने चौतारोमा राख्ने र गोरखा दरबारबाट बाजागाजासहित आएका कलस्यौडीहरूले मालश्री गीत गाउँदै, बाजा बजाउँदै फूलपातीलाई डोलीमा राखेर गोरखा दरबारमा भित्र्याउने गर्दछन् । फूलपाती दरबारभित्र भित्र्याउँदा कालो बोकाको बली दिने चलन रहेको छ ।

त्यसैगरी आज देशभरिका प्रमुख शक्तिपीठ, देवी मन्दिर, नेपाली सेना तथा प्रहरीका तल्लोदेखि उपल्लो तहका अड्डाहरूमा बढाइँका साथ फूलपाती भित्र्याउने चलन रहेको छ । फूलपाती भित्र्याउने साइतअनुसार सैनिक मञ्च टुँडिखेलमा नेपाली सेनाले फूलपातीको बढाइँ प्रस्तुत गर्ने गर्दछन् । नेपाली सेनाको टुकडीले तोप पड्काउँदै हर्ष बढाइँ गर्ने प्रचलन परम्परादेखि नै चल्दै आएको छ । उक्त बढाइँको राष्ट्र प्रमुखका हैसियतले राष्ट्रपतिसहित उच्च पदस्थहरूले प्रत्यक्ष अवलोकन गर्दछन् ।

### धमाधम उपत्यका छाड्दै

फूलपातीसँगै दसैं पूर्णरूपमा सुरु हुन्छ । फूलपातीका दिनदेखि सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, शिक्षण संस्था, गैरसरकारी संघसंस्थाहरू बिदा हुने गर्दछन् । यसो हुँदा मानिसहरू फुर्सदिला भई टाढाटाढा रहेका आफ्ना घर जाने मौका पाउँछन् । दसैं मान्न घर फर्किनेहरूको भीडले यातायातका साधन भरिभराउ हुन जान्छन् । बजारहरूमा विशेष चहलपहल सुरु हुने र नयाँ-नयाँ अनुहारका मानिसको आवतजावतले रमाइलो अनुभूति गराउँदछ ।

फूलपातीकै दिनदेखि गाउँघर सहरबजारमा रोटे र लिंगे पिङ हाल्न थालिन्छ । यसपटक असोज ११ र १२ गते परेको वर्षाका कारण बिपी राजमार्ग ठप्प छ । हेटौंडा पुग्ने फर्पिङतर्फको सडक अवरुद्ध छ । यद्यपि वैकल्पिक बाटो प्रयोग गरेर भए पनि गाउँ फर्कने क्रम जारी छ । आकाशमार्ग प्रयोग गर्नेहरू पनि बढेका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका नायब उपरीक्षक रवीन कार्कीका अनुसार घटस्थापनापछि बुधबार बिहानसम्ममा पाँच लाख सात हजारले काठमाडौं उपत्यका छाडेका छन् । पछिल्लो तीन दिनमा दैनिक एक लाखको हाराहारीमा मानिस बाहिरिएका छन् । फूलपातीको अघिल्लो दिन बुधबार यो संख्या बढेको छ ।

कार्कीका अनुसार उपत्यकाबाट बाहिरिने चारवटै नाकामा सवारीसाधन र यात्रीको चाप बढेको छ । 'आइतबार र सोमबारको तुलनामा मंगलबार र बुधबार यात्रा गर्नेको संख्या बढेको छ,' कार्कीले भने । दैनिक सरदर ३० हजार मानिस राजधानी प्रवेश गरेका छन् ।

नायब उपरीक्षक कार्कीले बसपार्क, कलंकी, बल्खु, कोटेश्वर र सीतापाइलामा सवारी र यात्रीको बढेको छ । हाल अरनिको राजमार्ग, त्रिभुवन राजपथ, पृथ्वी राजमार्ग र दक्षिणकाली-हेटौंडा र कान्ति राजमार्ग भएर यात्रीहरू आफ्ना गन्तव्यतर्फ प्रस्थान गरेका छन् । यसपटक प्रहरीका अनुसार १० लाख व्यक्तिले दसैं मनाउन उपत्यका छाड्ने देखिन्छ ।

### अष्टमी र नवमी एकैदिन

यस वर्ष अष्टमी र महानमवी एकै दिन परेको छ । महाअष्टमी अर्थात् नवरात्रिको आठौं दिन, नवरात्रिभरि माता दुर्गाका नौ वटा रूपहरू शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको पूजा-अर्चना गरिन्छ ।

यस दिन दुर्गाको आठौं स्वरूप महागौरीको विधि विधानअनुसार पूजा अनुष्ठान गर्ने गरिन्छ । यस उपलक्ष्यमा दसैंघर र कोतलगायत मुलुकका विभिन्न शक्तिपीठमा बलिसहित पूजाअर्चना तथा दुर्गा सप्तशती पाठ गर्ने गरिन्छ । बिहान सबेरैदेखि विभिन्न शक्तिपीठहरूमा बलि चढाउने र पूजा आराधना गर्नेहरूको घुइँचो लाग्छ ।

नवरात्रीको नवौं दिन अर्थात् महानवमी । तर, यसपटक महानवमी अष्टमी एकै दिन परेको छ । महानवमीमा महालक्ष्मी देवीको पूजाआजा गरी मनाइन्छ । महानवमीका दिनमा घटस्थापनाका दिनमा राखिएको जमरा विभिन्न शक्तिपीठमा लगी चढाइन्छ ।

यसै दिन बिहान कलपूर्जा, हातहतियारहरू तथा सवारीका साधनहरू आदिलाई बली दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ । दसैंघर र कोतलगायत राज्यका विभिन्न देवी मन्दिर र शक्तिपीठमा बोका, हाँस, कुखुरा र राँगाको बलिसहित दुर्गा भवानीको विशेष पूजा आराधना र दुर्गा सप्तशती, श्रीमद् देवी भागवत एवं देवी स्तोत्र पाठ गरिन्छ । महानवमीका अवसरमा कोहरूमा हर्षबढाइँका साथ कोतपूजा र निशाना पूजा पनि गरिन्छ ।

हनुमानढोकामा रहेको तलेजु भवानीको मन्दिर पनि महानवमीकै दिन खुल्ने गर्दछ । वर्षमा एक दिनमात्र खुल्ने भएकाले यसदिन यहाँ दर्शनार्थी एवं पूजा गर्ने भक्तजनको भीड लाग्ने गर्छ ।

### दसैंभर यस्तो रहने छ मौसम

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले यसपालिको दसैं विशेष मौसम बुलेटिन सार्वजनिक गरेको छ । बुलेटिनमा कोशी, मधेस र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाएको छ ।

बुलेटिनअनुसार यस वर्ष दसैंको सप्तमी (२४ गते), अष्टमी/नवमी (२५ गते) र दशमी (२६ गते) का दिनमा कोशी प्रदेश र मधेस प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाइएको छ ।

विभागले कोशी र मधेस प्रदेशका थोरै स्थानहरूमा बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहने अनुमान गरेको छ ।

बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ । उक्त दिनहरूमा अधिकांश स्थानमा अधिकतम तथा न्यूनतम तापक्रम सरदरभन्दा थोरै घट्ने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले जानकारी दिए । उनले ठूलो पानी पर्ने सम्भावना भने नरहेको बताए । मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिने तीनदिने मौसम पूर्वानुमानमा यससम्बन्धी जानकारी अद्यावधिक गरिने भएकाले महाशाखाको 'वेबसाइट' हेर्न अनुरोध गरिएको छ ।

यस वर्षको मनसुन मंगलबारदेखि नै काठमाडौं उपत्यकासहित कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका सम्पूर्ण भू-भागबाट बाहिरिसकेको छ । महाशाखाका अनुसार बागमती प्रदेशको पश्चिमी भू-भाग र मधेस प्रदेशका पश्चिमी भू-भागका थोरै स्थानहरूबाट पनि मनसुन बहिर्गमन भएको छ । हाल कोशी प्रदेशलगायत मधेस र बागमती प्रदेशको पूर्वी भू-भागमा मनसुनी वायुको प्रभाव बाँकी छ ।

नेपालमा यही असोज २० गतेदेखि मनसुन बहिर्गमन सुरु भएको थियो । यस वर्षको मनसुन गत जेठ २८ गते भित्रिएको थियो ।

●●●

## टीका...

देवी विसर्जन सकेपछि दुर्गाको प्रसाद ग्रहण गर्न दिनभर कुनै बाधा नभए पनि साइत खोज्नेका लागि बिहान ११:३६ बजेको साइत दिइएको समितिले जनाएको छ । यसपटक राष्ट्रपति रामचन्द्र पौडेलले दिउँसो ३:३० देखि साँझ ५:०० बजेसम्म टीका लगाइदिने राष्ट्रपतिको कार्यालयले जानकारी दिएको छ ।

●●●

## कुलमान हटाउन...

त्यहीबीचमा समिति सभापति ऋषिकेश पोखरेलले विद्युत् महसुल नतिर्ने व्यवसायीहरूसँग नजिक भएर एउटा कागज तयार गरेका थिए । जुन कुलमानविरुद्ध कदम चाल्न थियो । उक्त पत्र बाहिरियो । यसपछि पोखरेल रक्षात्मक देखिए ।

हाल आएर भने फेरि घिसिङलाई कारबाही गर्न लागेको देखिएको हो । यसअघि पटक-पटक प्रधानमन्त्री ओली सहसचिवस्तरको कर्मचारी कुलमानविरुद्ध पौंठेजोरी खेलिबसे । उज्यालो नेपाल अभियानका योद्ध घिसिङलाई ओली र ऊर्जामन्त्री खड्का रुचाउँदैनन् । त्यही भएर घिसिङलाई हटाएर ओलीले नातामा सालो हितेन्द्रदेव शाक्यलाई प्राधिरणको कार्यकारी निर्देशक बनाउन चाहेका छन् । त्यसका लागि कुलमानको बर्खास्ती अनिवार्य बनाइएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : CHINA GEZHOUBA FOR GENERAL CONSTRUCTIONS OF RESIDENTIAL BUILDINGS Co.

पूर्व स्वीकृति मिति : २०८१/०६/२३ | LT. No. 312096 | चलानी नं. ६०२२६५२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | 0 | 95 | ४१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १ गते (17th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DESTINY HR GROUP (P) LTD (Wide Range H.R. Pvt. Ltd)
Sinamangal-9, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085,
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com
श्रम इजाजत नं. १५५२/०७९/०८०



## कुवेतमा रोजगार

कम्पनी : The Butchery Co.For The Sale of Frozen & Chilled Meat & Poultry

पूर्व स्वीकृति मिति : २०७९/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२३ | LT. No. 283527 | चलानी नं.६०१९८६९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher/Chef Assistant | 10 | 0 | 130 | ५६,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 110 | ४८,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १ गते (17th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### शुभ रहोस् दसैं

**केही दिनअघि मौसम प्रतिकूल भए पनि दसैं दैलोमा आइपुग्दा वातावरण अनुकूल बन्दै आएको छ। अवरुद्ध सडक खुलेसँगै यात्रीहरूको आउजाउ पनि बढ्दो छ। यसपटक दसैं सुरू हुनुपूर्व अति भारी वर्षा हुँदा २४६ जनाको मृत्यु भयो भने १८ जना अझै बेपत्ता छन्। दसैंका लागि सहजतापूर्वक यात्राको आशा गरेकाले सास्ती भोगिरहेका छन्। बाढी र पहिरोका कारण सडक अवरुद्ध हुनु पहिलो कारण बनेको छ। सडक अवरुद्ध हुँदा व्यापारदेखि यात्रासम्म अस्तव्यस्त बनेको छ। शोकका कारण सरकार, दल, व्यावसायिक कम्पनीहरूले दसैंको अवसरमा खुलेर कार्यक्रम गर्न सकेका छैनन्। आर्थिक मन्दीका कारण व्यापार खस्किएको छ।**

**यद्यपि, हिन्दू धर्मावलम्बीहरूको महान् पर्व दसैं, वर्षमा एकपटक आउने पर्व हो। असत्यमाथि सत्यको जितको सन्दर्भमा मनाइने यो पर्व वर्षदिनको दुःख पीडा बिर्सेर भए पनि परिवार एक ठाउँमा जम्मा हुन्छन्। ऋणै गरेर भए पनि मिठोमसिनो खाने प्रचलन छ। यसैले पनि सबै दुःख सहेरै देश विदेशमा विभिन्न व्यवसाय तथा रोजगारीमा रहेकाहरू आफ्नो परिवारसँग मिलनको आशमा घर फर्किरहेका छन्। यसैले पनि यो पर्व हर्ष र उमंगको पर्व हो। जस्तोसुकै दुःख र अभावकाबीच पनि आफ्नो गच्छेअनुसार मनाउने भएकोले यो पर्वको सान्दर्भिकता अझै छ।**

**यसैले पनि यसपटकको दसैं भव्य बनोस्। मौसम अनुकुल हुँदै छ। गाउँघर होस् या सहर, दसैं मेला सुरू भइसकेको छ। दसैंका लागि किनमेल मेला सबैतिर सुरू भएको छ। पिङ होस् या अरू खेल बालबालिकादेखि वयष्कसम्मको मन तान्न सफल भएको छ। घरआँगन चिटिक्क बनाइएको छ। यस अवसरमा काम विशेषले स्वदेश फर्कन नसकेकाहरूले दसैं उत्सव कार्यक्रम आयोजना गरी मनाउने तयारी गरेका छन्। दसैं उत्साहको पर्वमात्र हैन, यो आर्थिक गतिविधि बढाउने र 'इकोनोमी भाइब्रेन्ट' गराउने पर्व हो। यही बेला पेसा व्यसायदेखि रोजगारीमा व्यस्तहरूले मन फुकाएर खर्च गर्ने गर्दछन्।**

**विजया दशमी अर्थात् दसैं पर्वका अवसरमा प्रभाव दैनिक परिवार हाम्रा पाठक, ग्राहक, विज्ञापनदाता र शुभेच्छुकहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछ। यो दसैं सबैका लागि सुखद् बनोस्। शुभकामना !**

## मनन्योग्य

### चाणक्य नीति

बिहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो। ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन।

दण्डको आज्ञाको पहिलो दिन त बित्यो। दोस्रो दिन विहान जेलभित्र बसेर महात्मा चणक विचारमग्न थिए, उनलाई बराबर कौटिल्यको सम्झना आइरहन्थ्यो। कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै बुद्धिमान् छ कौटिल्य। ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ। यस्तै मानसिक प्रश्न उत्तरका बीच अचानक चणकको तन्द्रा भंग भयो। हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए।

'कुशल त छ आचार्य।' राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोऱ्याएर भन्यो- आचार्य। अब पनि समय छ ! चणकले व्यंग्यपूर्वक भने- 'अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने कोंढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ।'

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दुःख मिल्छ यस्ता बुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला। चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद। चिन्ता नगर्नोस् चणकका भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन्।

हुँ .... हुँकार गर्दै 'त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।' यस्तै कुरा सोचेर राक्षस पुनः राजभवनतिर लागे।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौबाटोमा अग्लो बाँसमा टाँगिएको थियो। बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर मगधका राजद्रोहीको यही परिणाम हुनेछ भनी लेखिएको थियो। **क्रमश** :

# दसैं उत्सवको सेरोफेरो



■ डा. केदार कार्की

दसैंलाई कुनै रूढिवादी पर्वको रूपमा नलिएर नेपालको विशिष्टता र विविधताअनुसार सबैले आ-आफ्नो मौलिकताअनुसार मनाउनुपर्दछ। दसैंले आमजनतामा सुख, समृद्धि र एकताको विकास गर्नुपर्दछ। दसैं मनाउने क्रममा सिर्जित विभिन्न नकारात्मक क्रियाकलाप र गतिविधिहरूको अन्त्य गर्दै सबैले आ-आफ्नो क्षमताअनुसार यसलाई मनाउनुपर्दछ। दसैं आडम्बरी र मूल्यहीन हुनुहुँदैन।

दसैंलाई दसहरा, बडादसैं, विजया दशमी र आयुध-पूजा पनि भन्ने गरिएको पाइन्छ। ऐतिहासिक दृष्टिले दसैं पर्वको अध्ययन गर्दा यसलाई शक्तिको पूजाको रूपमा मान्ने गर्दै आएको देखिन्छ। दसैंमा गरिने पूजाआजा सम्पूर्ण रूपले विजयलाई मानेर गर्ने गरिन्छ। आदिम ग्रन्थ 'ऋग्वेद'मा दसैंलाई वसन्त सम्पात भनेर उल्लेख गरिएको पाइन्छ।

वैदिककालदेखि नै साधना, सिद्धि, सामर्थ्य, शक्ति र सौर्यको संगमको रूपमा दसैंको सुरुवात भएको पाइन्छ। दसैंमा विशेषगरी शक्तिको आराधना गर्ने र देवीलाई बलि दिई प्रसादको रूपमा मासु खाने परम्परा रहिआएको छ। रामले रावणमाथि विजय गरेको र दुर्गा-देवी-भगवतीले महिषासुर, शुम्भ, निशुम्भहरूलाई पराजित गरेको विशेष उपलक्ष्यमा विशेष हर्षबढाइँसहित विजयोल्लासपूर्वक मनाइने पर्वलाई दसैं भन्दै आइएको देखिन्छ।

नेपालमा दसैं कहिलेदेखि मनाउँदै आइयो भन्ने कुराको स्पष्ट प्रमाण भने पाइँदैन। यद्यपि, कतै-कतै लिच्छविकालका शिलालेखजस्ता ऐतिहासिक सामग्रीमा दसैं पर्वका केही संकेत पाइन्छन्। लिच्छविकालमा राजा मानदेवको पालाको एक अभिलेखमा महिषासुर-मर्दिनी पादपीठको बारेमा उल्लेख छ। लिच्छविकालीन एउटा अर्को अभिलेखमा 'नारायण देवकुल दशमी गोष्ठी' भन्ने शब्द पाइएकोले त्यतिखेर पनि दसैं पर्व मनाइन्थ्यो भन्ने अनुमान लगाउन सकिन्छ। मल्लकालीन अभिलेखमा भने दसैंका बारेमा कहीँ कतै अभिलेख पाउन सकिँदैन। प्रस्टरूपमा कुनै अभिलेख नपाइए पनि कतै-कतै संकेतसम्म पाउन सकिन्छ। मध्यकालमा दसैंलाई विशेषगरी संग्रामिक महत्त्वको रूपमा मनाइएको देखिन्छ। त्यसबेला शास्त्राभ्यासको रूपमा यो चाड मनाइन्थ्यो। जयस्थिति मल्ल र उनका भारदारहरूले खड्गको स्थापना गरेर दसैं मनाइएको कुरा गोपालराज वंशावलीमा पाइन्छ।

दसैंलाई विजय यात्राकै रूपमा लिने गरिन्छ। दसैंमा विशेषगरी दुर्गादेवीको चर्चा हुँदै आएको देखिन्छ। चण्डी वा दुर्गा सप्तशतीलाई दसैं विशेष ग्रन्थ मानिन्छ। १४औं शताब्दीमा नेपाल राज्यमा चण्डी नेवारी भाषामा लेखिएको पाइन्छ। त्यसले गर्दा यहाँ दसैंको निकै विशेष महत्त्व थियो भन्ने अनुमान लगाउन सकिन्छ। नेपालमा वि.स. १६१६ मा लमजुङका राजा द्रव्य शाहले गोरखा हत्याएपछि बाजा बजाउँदै विजययात्राको रूपमा फूलपाती भित्र्याउने चलन चलेको देखिन्छ।

त्यसरी नै पृथ्वीनारायण शाहले काठमाडौं जितेपछि हर्षबढाइँस्वरूप गोरखाको गोरखकाली मन्दिरबाट काठमाडौं फूलपाती र जमरा ल्याउने चलन चलाएका थिए। नेपाली सेनाले शक्तिको आराधनास्वरूप दसैंमा विशेष पूजा गर्ने गरेको ऐतिहासिक रूपमा नै स्पष्ट हुन्छ।



दसैंलाई नेपालीहरूको मुख्य चाड तथा राष्ट्रिय पर्वको रूपमा लिइन्छ। यो पर्वलाई धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले धेरै महत्त्वपूर्ण रूपमा लिइन्छ। आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म नवदुर्गाको पूजाआजा गर्दै दशमीको दिन टीका, जमरा तथा प्रसाद ग्रहण गर्दै दसैं मान्ने चलन रहेको छ। टीका तथा जमरा र प्रसाद पूर्णिमासम्म ग्रहण गर्ने गरिन्छ। दसैं पर्वलाई पारिवारिक भेटघाट, मिलन तथा जमघट, खुसियाली साटासाट, मनोरञ्जन आदानप्रदान, शुभकामना आदानप्रदान, मान्यजनबाट शुभ आशीर्वाद लिने, राम्रा-राम्रा कपडा लाउने, मीठा-मीठा परिकार खाने/खुवाउने, घरआँगन, बाटोघाटो र गाउँबस्ती सफासुग्घर राख्ने आदि रूपमा मनाउने गरिन्छ। यस्ता कार्यहरू गरेर दसैं मनाउँदा वर्षैभरि सुख, शान्ति र सफलता प्राप्ति हुने मान्यता राखिन्छ।

स्वास्थ्य चेतनाका सन्देश दिएको दसैंको सप्तमीमा धानको गाभा, अदुवा, उखु, केरा, अनार जस्ता नौ प्रकारका चीजहरू घरभित्र भित्र्याउँदा रोगका विभिन्न जीवाणुहरू आउँदैनन् भन्ने मान्यता रहेको पाइन्छ। यसैगरी फूलपातीमा केरा, दारिम, धान, हलेदो, माने, कर्चुर, बेल, अशोक र जयन्तीगरी नौ प्रकारका पातहरूलाई भित्र्याउने गरिन्छ। यी सबैले औषधीय तथा अन्य गुणहरू बोकेका हुन्छन्। दसैंलाई काम, क्रोध, लोभ, मोह, मद, इर्ष्या, द्वेष, छल र कपट गरी १० प्रकारका विकारहरू त्याग्ने पर्वको रूपमा पनि लिने गरिन्छ।

दसैंलाई नेपाली समाजमा पारिवारिक मिलन र सद्भावको प्रतीकको रूपमा पनि लिने गरिन्छ। नेपालीहरू कामको सिलसिला, अध्ययनको सिलसिला तथा अन्य जुनसुकै कार्यको सिलसिलसिलामा जहाँ भए पनि घर फर्किएर दसैंमा जम्मा भई हर्षोल्लाससहित उत्सव मनाउने भएकोले यसको थप महत्त्व बढ्न गएको देखिन्छ।

प्रेम-सद्भाव साटासाटको अवसर दसैंले मानव जीवन केवल सदैव काममा सक्रिय रहनेमात्र होइन, बरू समय सन्दर्भअनुसार आफन्तसँग भेटघाट गर्नु, प्रेम-सद्भाव साटासाट गर्नु, मनोरञ्जन गर्ने काम पनि हो भन्ने कुरालाई पुष्टि गर्दछ। यो पर्व गरिब, धनी, हुनेखाने, हुँदाखाने सबैले आफ्नो क्षमताअनुसार मनाउने गर्दछन्। दसैंले मान्यजनहरूप्रति सम्मान भाव प्रकट गर्ने संस्कारको जन्म दिएको पाइन्छ। दसैंमा विभिन्न ऐतिहासिक महत्त्व बोकेका ठाउँहरूमा सांस्कृतिक कार्यक्रमहरू, जात्रा र पर्व मनाउने गरिन्छ।

दसैंमा प्रायः मानिसहरूमा हर्ष, उल्लास, उमंग, उत्साह र खुसियाली छाउने गरेको देखिन्छ। दसैंमा लगाउने रातो र सेतो टीकालाई शान्ति, समृद्धि र विजयको प्रतीकको रूपमा लिइने गरिन्छ। टीकाले मन, मस्तिष्क र विचारलाई शुद्ध बनाउँछ भन्ने मान्यता राखिएको पाइन्छ। दसैंमा लगाइने जमरा विभिन्न पौष्टिक तथा औषधीय गुणले युक्त र स्वास्थ्यवर्द्धक मानिन्छ।

दसैंलाई धार्मिक मिथकहरूका अनुसार विभिन्न ढंगले व्याख्या गरिए पनि यसले सामाजिक-सांस्कृतिक रूपमा आमनेपालीलाई एकत्त्व र भ्रातृत्वको भावना विकास गर्ने पर्वको रूपमा लिन सकिन्छ। यसका अलावा दसैंले व्यक्ति र समुदायबीच सम्बन्ध स्थापित गर्न एक महत्त्वपूर्ण भूमिका निभाएको पनि देखिन्छ। यो पर्वले नाता सम्बन्धलाई प्रगाढ बनाउनुको साथै बिग्रिएको सम्बन्धलाई सुधार्न पनि महत्त्वपूर्ण भूमिका खेल्दछ। यद्यपि, यसका विभिन्न नकारात्मक पक्षहरू पनि रहेका छन्। दसैंले नेपाली संस्कृतिको मूल मान्यतालाई समाएको छ।

दसैं पर्वमा मालश्री धुन बजाउँदै गीत गाएर रमाइलो गरी मनाउने गरेको पनि देखिन्छ। वन उपवनमा ढकमक्क फूलहरू फुलेका, खेतहरूमा धानका बालाहरू झुलिरहेका, तरकारी र फलफूलहरू पाकिरहेका, वर्षा थामिएको, जाँडो र गर्मी बराबर भएको बेला, कृषकहरूलाई सबै पक्षबाट फुर्सद मिलेको बेला दसैं पर्व मनाइने हुनाले नेपाली समाजमा यसको अझ महत्त्व बढ्न गएको हो। दसैंले नेपालीहरूका बीचमा हार्दिकता, मित्रता, प्रेमभाव, सहृदयता, सहयोगात्मकता, सहकार्यता, सद्भावना विकास गर्न अझ थप योगदान दिनुपर्दछ।

दसैं सबै नेपालीहरूको चाड हो कि होइन भन्ने सन्दर्भमा केही विवादहरू रहेका देखिन्छन्। कसैले यसलाई हिन्दूहरूको चाड हो भन्छन् भने धेरैले यसलाई सबै नेपालीहरूले हर्षोल्लासपूर्वक मनाइने सामाजिक-सांस्कृतिक महत्त्व बोकेको चाडको रूपमा लिने गर्छन्। यद्यपि, यो चाड मनाउने तरीका भने आ-आफ्नै हुन्छन्। अधिकांश नेपालीहरूले यो पर्व जुनसुकै रूपमा भए पनि मान्ने गर्दछन्।

दसैंलाई धार्मिक आवरणमा व्याख्या गरिएको भए पनि यसको सामाजिक-सांस्कृतिक रूपमा नै महत्त्वपूर्ण स्थान रहेको छ। दसैं ऐतिहासिककालदेखि नै विजयसँग जोडेर मनाइने भएकोले यो सबैको चाहनाबमोजिम हुन आउँछ। त्यसैगरी दसैंले सुख, शान्ति, समृद्धि, मैत्रीभाव, मिलन, उल्लास, खुसी, प्रगति, आनन्द, आदिको प्रतिनिधित्व गर्ने भएकोले पनि यो सबैका लागि अपरिहार्य आवश्यकता हुन जान्छ।

दसैंलाई हामी धार्मिकभन्दा पनि मानवीय हितका लागि चलाइएका साधनको रूपमा बुझ्दा बढी न्याय हुने देखिन्छ। एउटा मानवलाई सक्षम मानव बनाई सम्पूर्ण ढंगले मानव जातिको उन्नति र विकासको पर्यायका रूपमा अगाडि बढ्न निश्चय नै हामीलाई धेरै सन्देश दिएको छ। यस हिसाबले दसैं केवल कुनै धर्म, जाति विशेषको नभएर सम्पूर्ण नेपालीले मनाउने पर्वको रूपमा मान्ने गरिएको हो भन्न सकिन्छ।

दसैंले सामाजिक-सांस्कृतिक एकताको रूपमा मात्र हैन यसले राष्ट्रियताको विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेको देखिन्छ। दसैंले नेपालीहरूबीच भावनात्मक एकतालाई जीवन्त बनाउने काम गरेको देखिन्छ। नेपाल आफैंमा सामाजिक, सांस्कृतिक, भौगोलिक विविधता भएको देश हो। यहाँ रहेका विभिन्न जातजाति, धर्म सम्प्रदायबीच भूगोल र क्षेत्रका आधारमा फरक-फरक ढंगले दसैं मनाउने गरेको पाइन्छ। तर, समग्र रूपमा भन्ने हो भने दसैं सबै नेपालीले मनाउने गर्दछन्। दसैंलाई अहिले नेपालीहरूका आ-आफ्ना विभिन्न लोकपरम्परा र शैलीगत आधारमा मनाउने चलनको विकास हुँदै गएको देखिन्छ।

नेपाल यस्तो देश हो, जहाँ बहुधर्म, बहुसंस्कृति, बहुभाषा र धेरै प्रकारका चाडपर्व र रीतिरिवाजहरू भए पनि आपसी प्रेम र सहिष्णुताको प्रचुर विकास भएको पाइन्छ। यहाँ एक-अर्कासँग सम्बन्धित चाडपर्वहरूलाई आफ्नो परम्परासँग जोडेर आदर र सम्मानपूर्वक मनाउने गरिन्छ। सबैले आफ्नो आफ्नो परम्परा र पहिचानमा विश्वास गर्नु भनेको नेपाली हुनुको महानता हो। आदिवासी जनजातिका साथै मधेसी समुदायले पनि दसैंलाई दसैंका सामाजिक-सांस्कृतिक भावलाई लिएर मनाउने गरेको पाइन्छ।

नेपालमा दसैं पर्व विभिन्न जातजाति, भाषाभाषी, उमेर समूह र वर्ग अनुसार फरक-फरक रूपमा मनाइए पनि यसको मुख्य उद्देश्य भनेको परम्परागत संस्कृतिको संरक्षण तथा विकास, आपसी सद्भाव कायम गर्नु, बन्धुत्वभाव विकास गर्नु, अपनत्वमा वृद्धि गर्नु, सामाजिक एकतालाई बलियो बनाउनु हुन जान्छ। यद्यपि, अहिले दसैंको सन्दर्भमा विभिन्न विकृतिहरू सिर्जना हुँदै गएका छन्। दसैं मान्ने क्रममा मादकपदर्थ सेवन गर्ने, लडाइँझगडा गर्ने, हल्लाखल्ला गर्ने, विभिन्न नकारात्मक क्रियाकलाप गर्नेजस्ता कामहरू बढ्दै गएका छन्।

दसैंमा रमाइलो गर्ने नाममा साथीभाइ भेट भएपछि जुवातास खेलेर नराम्रो वातावरण बनाउने काम भइरहेको छ। यसले नेपाली समाजमा नकारात्मक वितृष्णा पैदा हुँदै गएको छ। दसैं पर्वले नेपाली श्रमजीवी, गरिब र निमुखा जनताहरूलाई अझ गरिब बनाउँदै लगेका तीक्तताहरू विद्यमान छन्। हाम्रो समाजमा जुनसुकै वर्ग-समुदायले जसरी भए पनि दसैं मान्नै पर्ने बाध्यताको विकास भएको छ। यसले गर्दा क्षणिकरूपमा सुखानुभूति भए पनि त्यसले दीर्घकालीनरूपमा गरिब घरपरिवारमा धेरै नराम्रा घटनाहरू घटित भएका छन्।

अरूको देखासिकी गरेर दसैं मनाउने परम्पराको विकास भएकोले पनि समाजमा नकारात्मकता सिर्जना हुँदै गएको छ। दसैं धेरै भड्किलो र खर्चिलो हुँदै गएकोले गर्दा यसको मारमा सर्वसाधारण जनता नै पर्दै गएका छन्। यसले गर्दा दसैं गरिबका लागिभन्दा पनि सम्पन्न र सम्भ्रान्तहरूका लागिमात्रै हो कि भनेजस्तो भएको छ। अनेक खर्च गरी तडकभडकसहित दसैं मनाउने क्रममा कमजोर एवं गरिब वर्गले ऋण गरेर पनि यो कार्यमा संलग्न हुँदा त्यो वर्गले सदैव ऋणको भारी बोकिरहनुपर्ने बाध्यता हुन्छ। यसबाट परिवारका सदस्यहरू दसैंमा खुसी हुनुभन्दा पनि दीर्घकालीनरूपमा दुःखी हुन जान्छन्। त्यसैले दसैंमा अरूको देखासिकी नगरी आफूसँग उपलब्ध भएका कुराहरूमा रमाउने गरियो भने यसले सुख निम्त्याउँदछ नत्र दसैं गरिबहरूका लागि सदैव दुःखको चाड हुन जान्छ।

यसरी दसैं नेपालीहरूको साझा सामाजिक र सांस्कृतिक पर्वको रूपमा ऐतिहासिककालदेखि विकास हुँदै आएको छ। दसैंका विभिन्न नकारात्मक पक्षहरू सँगसँगै भए पनि त्यसको हल गरेर यसलाई शान्ति, समृद्धि, एकता, सहिष्णुता, सद्भावना, खुसियाली, संस्कृति संरक्षण, सौहार्द्रताको रूपमा मनाउन सकियो भने राम्रो हुन्छ। नेपालीहरूले दसैं देशभित्र मात्र होइन संसारमा सबैतिर उपस्थितिअनुसार मनाउने भएकोले पनि यसको परम्परागत महत्त्व बढ्न गएको हो।

दसैंलाई कुनै रूढिवादी पर्वको रूपमा नलिएर नेपालको विशिष्टता र विविधताअनुसार सबैले आ-आफ्नो मौलिकताअनुसार मनाउनुपर्दछ। दसैंले आमजनतामा सुख, समृद्धि र एकताको विकास गर्नुपर्दछ। दसैं मनाउने क्रममा सिर्जित विभिन्न नकारात्मक क्रियाकलाप र गतिविधिहरूको अन्त्य गर्दै सबैले आ-आफ्नो क्षमताअनुसार यसलाई मनाउनुपर्दछ। दसैं आडम्बरी र मूल्यहीन हुनुहुँदैन। परम्परागत मूल्यमान्यता र संस्कार संस्कृतिसहित यसको वैज्ञानिक पक्षलाई उजागर गरी सामाजिक मनोविज्ञान र व्यावहारिक विज्ञानअनुसार दसैं मनाउनुपर्दछ।



**नटराज नृत्य** | महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा बुधबार दुर्गा पूजाको अवसरमा निकालिएको कलश शोभायात्रामा भगवान् शिव, माता पार्वती र उनका दूत भूतसहित नटराज नृत्य प्रस्तुत गर्दै । *तस्बिरः सञ्जीतकुमार मण्डल/रासस*

# पहिरोपीडितलाई दसैंकोभन्दा गुमाएका आफन्तको चिन्ता

**ढोरपाटन (बागलुङ)-** दसैं नजिकिएसँगै गाउँमा चहलपहल बढेको छ । छिमेकीले घर लिपपोत गरेर सिंगारेका छन् । परदेसिएका र सहर पसेका पनि चाडबाड मान्न गाउँ फर्किरहेका छन् । दसैंको माहोलले गाउँघरमा रौनक छाएको छ । तर, बागलुङको बडिगाड गाउँपालिका-१० आरूपाटाका पहिरोपीडितलाई उक्त रौनकले छाएको छैन । पहिरोले घरबार र आफन्तविहीन बनेका धेरैको आँखा अझै ओभाउन सकेका छैनन् । त्रिपालको छाप्रो र आफन्तकहाँ आश्रय लिएका परिवारलाई दसैंकोभन्दा पहिरोमा गुमाएका आफन्तको चिन्ताले पिरोलिरहेको छ । गत साउन २२ गते आरूपाटामा आएको पहिरोले स्थानीय बालिश्वर बुढामगरको दुईवटा घर पुरेको थियो ।

पहिरोले घर पुरिँदा नौ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने ११ जना गम्भीर घाइते भएका थिए । आरूपाटाको ठाउँठाउँमा पहिरोले ७३ परिवार विस्थापित भएका छन् । विस्थापित परिवारका सयौं नागरिक अहिले कष्टपूर्ण दिन कटाउन बाध्य छन् । युवाहरूभन्दा बालबालिका र वृद्धवृद्धालाई निकै समस्या परेको छ । बालिश्वरको घर पुरिँदा उनका ७५ वर्षीय बुबा जोगबहादुर बुढा, जुम्ल्याहा छोरी सात वर्षीया मधु र मालती बुढामगरको मृत्यु भएको थियो । उनी अहिले लेलमेला भन्ने ठाउँमा त्रिपाल टाँगेर ७५ वर्षीया आमासहित छ जनाको परिवार बस्दै आएका छन् । वृद्धा आमा र साना छोरासहित त्रिपालमुनिको बास अत्यासलाग्दो छ ।

बेलाबेला पानी पर्दा पनि उनीहरूलाई झस्काइरहन्छ । दुई महिनादेखि त्रिपालमुनि बस्दा बूढीआमा र साना छोरा बिरामी हुने गरेको बालिश्वरले बताए । दसैं नजिकिँदा गाउँ रमाइलो भए पनि आफूहरूका पीडा थपिएको उनी बताउँछन् । दुई छोरी र बुढेसकाल लागेका बुबा गुमाउँदा निकै पीडा भएको बालिश्वरको भनाइ छ । स्थानीय सरकार र विभिन्न संघसंस्थाले सहयोग गर्दा खानाको समस्या नभए पनि घर पुनर्निर्माण गर्नसक्ने स्थिति नभएको उनले बताए ।

'दसैं आयो, सबैतिर खुसियाली छ, हाम्रा लागि त यो दसैं दशा भयो, बस्ने घर छैन, पहिरोले आफन्त पनि खोसेर लग्यो, बासको ठेगान नभएकालाई केको दसैं-तिहार ?, यस्तो बेला चाडबाड आउँदा पिर पर्दोरै छ,' बुढामगरले भने, 'मलाई त त्यही छोरीहरूको र बुबाको याद आइरहन्छ, उनीहरू पहिरोमा नपरेको भए हाम्रो पनि चाडबाड रमाइलो हुने थियो, अहिले त साना छोरा छन्, उनीहरूलाई खुसी बनाउन पनि सकिएको छैन ।'

पहिरोका कारण स्थानीय मंगलसिंह बुढामगर पनि विस्थापित भएका छन् । बालिश्वरको घर पुरिँदा मंगलसिंहका नौ र १२ वर्षीय दुई छोराको मृत्यु भएको थियो भने उनी पनि गम्भीर घाइते भएका थिए । लामो समय अस्पतालमा उपचार गराएर केही दिन अगाडि मात्रै गाउँ आएका मंगलसिंहको दुईवटै खुट्टा चल्दैनन् । उनको साथमा आठ र ११ वर्षीया छोरीमात्रै छन् । लामो समय अरूको घरमा बस्दा समस्या हुने भन्दै आफ्नो घर बनाउन सक्ने क्षमता नभएको मंगलसिंहले सुनाए । चाडबाडका बेला छोरीहरूले राम्रो लाउन र मिठोमसिनो खान खोज्दा खुवाउन सक्ने स्थिति नरहेको उनको भनाइ छ ।

उनले भने, 'यो साल त मलाई ठूलो दशा लागेको रहेछ, छोरालाई पहिरोले लग्यो, घरमा बस्न सक्ने अवस्था छैन, भाइले बस्न दिएको छ, उसकामा कति दिन बसेर पुग्छ ?, गाउँलेले दिएको कोदो, मकै खाएर पेट भोको छैन, तर दसैंको बेला यी साना छोरीलाई के थाहा हुन्छ र हामीसँग आर्थिक छैन भन्ने, जसोतसो एउटा बस्ने घर बनाउन सके हुन्थ्यो, अहिले त धेरैले लत्ताकपडा र अरू सामान सहयोग गर्नुभएको छ, सरकारले घर बनाइदिए हुन्थ्यो ।'

बडिगाड गाउँपालिकाका उपाध्यक्ष भिमशेन वनले पहिरोपीडितका लागि पालिकाले अतिआवश्यक सामग्री सहयोग गरेको बताए । अहिले धेरै पीडित आफन्तकामा आश्रय लिएको हुँदा खानेकुरा र लत्ताकपडाको समस्या नभएको उनको भनाइ छ । गाउँपालिकाले विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गरेर तत्कालका लागि सुरक्षित स्थानमा राख्ने र आधारभूत आवश्यकतालाई परिपूर्ति गर्ने कार्यलाई जोड दिएको उपाध्यक्ष वन बताउँछन् ।

'कुनै पनि पहिरोपीडित भोकै बस्न नपरोस्, नांगो हुन नपरोस् भन्ने हिसाबले हामीले खाद्यान्न र लत्ताकपाडा उपलब्ध गराएका छौं, धेरै संघसंस्थाले पनि सहयोग गरेका छन्,' उनले भने, 'अहिले उनीहरूलाई खानाको समस्या छैन, पुनःस्थापनाका लागि गाउँपालिकाबाट संघ र प्रदेश सरकारसँग सहयोग मागिरहेका छौं ।' *रासस*

# मुस्ताङ यात्राको थकान मेटाउने भुरुंग तातोपानी



■ **सन्तोष गौतम**

**म्याग्दी-** उपल्लो मुस्ताङको भ्रमण गरेर फर्किएका तनहुँका सुदीप न्यौपाने मंगलबार म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ मा रहेको भुरुंग-तातोपानीको पोखरीमा दुई घण्टासम्म शरीर डुबाएर स्नान गरे ।

'मुस्ताङ यात्राको चिसो र थकान तातोपानीमा स्नान गरेपछि भेटियो,' उनले भने, 'थकित शरीरमा तातोपानी नुहाएपछि स्फूर्ति आयो ।' उनीजस्तै बेनी-जोमसोम सडक भएर मुस्ताङ जाने-आउने र अन्नपूर्ण चक्रीय पदमार्ग घुम्ने पर्यटकका लागि भुरुंग तातोपानी कुण्ड 'रिफ्रेस सेन्टर' बनेको छ ।

तातोपानीमा शरीर डुबाएर स्नान गर्दा शारीरिक स्फूर्ति बढ्ने, थकान मेटिने, चोटपटक लागेको, सुन्निएको, बज्रिएको समस्या निको हुन्छ भनिन्छ । मुस्ताङको चिसो हावापानीबाट आएकाहरू तातोपानीमा स्नान गरेर न्यानो महसुस गर्छन् ।

पर्यटकीय यामको सुरुवातसँगै कालीगण्डकी नदीको किनारमा प्राकृतिकरूपमा निस्कने ५५ डिग्री सेल्सियस तातोपानी संकलन गरिएको तलाउ र धारामा स्नान गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकको चाप बढेको छ ।

चिसो बढ्न थालेको, पर्यटकीय याम र मुस्ताङ जाने आउने पर्यटकको चापसँगै तातोपानी कुण्डमा स्नान गर्न आउनेहरूको पनि संख्यामा वृद्धि भएको कुण्डका सञ्चालक लट्टे गिरीले बताए । 'बर्खा रोकिएपछि मुस्ताङ जाने आउने पर्यटकको चहलपहलसँगै तातोपानी नुहाउने पनि बढेका छन्,' उनले भने, 'याममा दैनिक दुईदेखि ३०० जनासम्मले स्नान गर्छन् ।'

बेनी-जोमसोम सडकको छेउमा तातोपानी संकलन गरिएको दुईवटा पोखरी र धाराहरू बनाइएको छ । धारा र पोखरी जहाँ उपयुक्त हुन्छ त्यही स्नान गर्न सकिन्छ । बिहान ६ बजेदेखि साँझ ८ बजेसम्म स्नान गर्न सकिन्छ । कुण्डमा स्नानका लागि स्वदेशीलाई ५० रूपैयाँ र विदेशीलाई १५० रूपैयाँ शुल्क तोकिएको छ ।

कुण्डमा प्रवेश शुल्क र होटल सञ्चालन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा ५६ लाख २५ हजार रूपैयाँमा होटल हटस्पिरिङसँग ठेक्का सम्झौता गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा ५५ लाख रूपैयाँमा ठेक्का लगाएको थियो ।

भुरुंग-तातोपानी कुण्डनजिकै कालीगण्डकी नदीपारी अन्नपूर्ण गाउँपालिका-५ को भूगोलमा अर्को तातोपानी कुण्ड पनि छ । सो तातोपानी कुण्ड सञ्चालनका लागि गाउँपालिकाले यस वर्ष २८ लाख ७६ हजार रूपैयाँमा कालीगण्डकी रूफटप प्रालिसँग ठेक्का सम्झौता गरेको छ । भुरुंग-तातोपानीदेखि पाउद्धार तातोपानी जोड्ने कालीगण्डकी नदीमाथि गण्डकी प्रदेश सरकारमार्फत हालै झोलुंगे पुल निर्माण भएको छ ।

उनीहरूले सम्झौता गरेको रकम जम्मा गरेकाले १० प्रतिशत छुट पाएका अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्माले बताए । कुण्डबाट हुने आम्दानी गाउँपालिकाले तय गर्ने योजना तथा कार्यक्रमका साथै तातोपानीस्थित सर्वोदय मावि, हिमालय आधारभूत विद्यालयका निजी स्रोतका शिक्षकको तलब, स्वास्थ्य चौकीमा प्रयोगशाला सञ्चालन, कुण्डको पूर्वाधार निर्माण र संरक्षणमा परिचालन गरिएको छ ।

कुण्डबाट हुने आम्दानीबाट कक्षा ११ र १२ सञ्चालन गरिएको वडा अध्यक्ष ओमप्रकाश फगामीले बताए । हिमालय आधारभूत विद्यालयलाई पनि सहयोग गरिएको छ । कुण्डको सहयोगमा तातोपानी स्वास्थ्य चौकीमा एक जना प्राविधिकको तलब व्यवस्थापन गरी प्रयोगशाला सञ्चालन भएको छ ।

कालीगण्डकी नदीको कटान नियन्त्रणका लागि पनि संरक्षणको काम गरिँदै आएको छ । पर्यटकको आवास सुविधाका लागि तातोपानी बजारमा करिब २० वटा सुविधा सम्पन्न होटल सञ्चालनमा छन् । होटलमा एक दिनमा ५०० भन्दा बढी बास बस्नसक्ने क्षमता छ ।

यसअघि कुण्डको कुनातर्फबाट खोलिएको बेनी-जोमसोम-कोरला सडक विस्तार गरेर ११ मिटर फराकिलो बनाउँदा कुण्डको मुहान र पोखरी पुरिने भएकाले नक्सांकन परिवर्तन गर्न स्थानीयबासी, जनप्रतिनिधि र सरोकारवालाहरूले माग गरेका थिए । तातोपानीको मुहान र पोखरीलाई असर नपर्ने तथा कालीगण्डकी नदीको कटान पनि नियन्त्रण हुने गरी कुण्डभन्दा तलपट्टीबाट सडकको नयाँ नक्सांकन गरिएको छ । *रासस*

# गण्डकीमा डेंगुबाट सात जनाको मृत्यु

■ **रामबहादुर थापा**



**गण्डकी-** डेंगु संक्रमणबाट गण्डकी प्रदेशमा बुधबारसम्म तीन पुरुष र चार महिला गरी सात जनाको मृत्यु भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार उक्त रोगका कारण गत साउन १० गते तनहुँका ४८ वर्षीया पुरुषको मृत्यु भएको थियो ।

त्यसयता साउन २२ मा कास्कीका ४० वर्षीया पुरुष, साउन ३१ गते कास्कीकै ५२ वर्षीया महिला र भदौ १९ गते म्याग्दीका ६१ वर्षीया पुरुषको मृत्यु भएको मन्त्रालयले जनाएको छ । कास्कीमा भदौ २१, असोज २ र १४ गते गरी क्रमशः ८१, ७० र ७५ वर्षीया महिलाको मृत्यु भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

सन् २०२४ जनवरीयता गण्डकीमा १२ हजार ७२६ जनामा डेंगु संक्रमण पुष्टि भएको मन्त्रालययका सूचना अधिकारी एवं वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत प्रशान्तराज शर्माले जानकारी दिए । उनका अनुसार प्रदेश राजधानीसमेत रहेको कास्कीको पोखरा डेंगु संक्रमणबाट सबैभन्दा बढी प्रभावित बनेको छ । पोखरा महानगरपालिकामा मात्रै बुधबारसम्म छ हजार ४५२ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

गत जनवरीमा जम्मा ७० जनामा डेंगु देखिएकामा त्यसयताका नौ महिनामा संक्रमितको संख्या बढेर साढे १२ हजारभन्दा माथि पुगेको हो । अधिकृत शर्माले गत जुलाईयता डेंगुको संक्रमणदर बढ्दै गएको बताए । जुलाईमा ७२८, अगस्टमा चार हजार ८३, र सेप्टेम्बरमा छ हजार ७२० जनामा डेंगु देखिएको उनले जानकारी दिए ।

तथ्यांकअनुसार सबैभन्दा बढी कास्कीमा छ हजार ५४८ र सबैभन्दा कम मनाङमा जम्मा दुई जनामा उक्त रोगको संक्रमणको पुष्टि भएको हो । तनहुँमा दुई हजार ८६१, पर्वतमा एक हजार १४६, गोरखामा ६६४, बागलुङमा ५३९, स्याङ्जामा ४४३, म्याग्दीमा २१३, नवलपुरमा १८१, लमजुङमा १२० र मुस्ताङमा नौ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

असारदेखि कात्तिकसम्म डेंगु संक्रमणको बढी जोखिम हुने र चार प्रकारको भाइरसबाट मानिसमा डेंगु संक्रमण हुने गरेको चिकित्सक बताउँछन् । समयमा उपचार नभए डेंगुबाट बिरामीको मृत्युसमेत हुनसक्ने भएकाले विशेष स्वास्थ्य सचेतना अपनाउनुपर्ने उनीहरूको सुझाव छ । डेंगुको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुडा आदिमा जम्मा भएको पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने सुझाव दिइएको छ ।

डेंगु 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्छ । यो लामखुट्टले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा हुर्काउने गर्छ । डेंगुको संक्रमणपछि एक्कासि उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखापर्ने जनाइएको छ । *रासस*


**बहराइनमा रोजगार**

कम्पनी : Bint Alfereej Ladies Salon

पूर्व स्वीकृति मिति : २०८१/०१/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२३ | LT. No. 303960 | चलानी नं. ६०२१८७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BOHO CHIC BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/०३/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२३ | LT. No. 307263 | चलानी नं. ६०२२१९८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Jupiter Restaurant Co. WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/२१ | LT. No. 311914 | चलानी नं. ६०२२६३६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chefs | 5 | 0 | 160 | ५७,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 6 | 6 | 100 | ३५,६६० | | | | | | | |
| 3 | Front Staff | 3 | 0 | 160 | ५७,०५५ | | | | | | | |
| 4 | Managers | 2 | 0 | 160 | ५७,०५५ | | | | | | | |
| 5 | Service Staff | 3 | 0 | 140 | ४९,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १ गते (17th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd
Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel no: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977 Email : info@eminencenepal.com, Website : www.eminencenepal.com


# बालविवाह रोक्न बालिका बिमा कार्यक्रम

**लुम्बिनी (प्रस)-** रूपन्देहीको गैडहवा गाउँपालिकाले बालिकाको बालिका बिमा गर्ने भएको छ । गाउँपालिकाले 'छोरी बचाउ, छोरी पढाउ अभियान' अन्तर्गत गाउँपालिकामा जन्मिएका बालिकाको बालिका बिमा गर्ने कार्यक्रम अघि बढाएको हो ।

गाउँपालिकाका बालिकालाई प्रोत्साहन, छोरीको शैक्षिक विकास, तथा बालविवाह रोक्नका लागि 'गाउँपालिका अध्यक्ष बालिका बिमा योजना निर्देशिका, २०८१' मा उल्लेख भएबमोजिम पालिका र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सबीच सम्झौता भएको छ ।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडयालले बालिका बिमा कार्यक्रम ई-बोलपत्रबाट खोलेर सम्झौता गरिएको बताए । उनले बालिकालाई शिक्षित बनाउन र बालविवाह रोक्नका लागि बिमा कार्यक्रमले भूमिका खेल्ने बताए । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सका लुम्बिनी प्रदेश उपप्रमुख कृष्णप्रसाद पोखेलले बालिका बिमाले गैडहवामा जन्मिएका बालिकाको अभिभावक (बुबा वा आमा) को जोखिम बहन हुनेगरी एकल भुक्तानीमा बालिका बिमा गरिएको बताए ।

उनले २० वर्षभित्र बालिकाको बुवा बाआमाको दुर्घटना वा अन्य कुनै कारणबाट मृत्यु भएमा कम्पनीको नियमानुसार गाउँपालिकाको सिफारिसमा बालिकालाई एकमुष्ठ भुक्तानी गरिने बताए । सम्झौतापत्रमा गाउँपालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा र निजहरूले रिफर गरेका स्वास्थ्य संस्थामा छोरी जन्मिएकालाई मात्र यो बिमा योजनामा आबद्ध गराउनुपर्ने छ ।

प्रभाव दैनिक




### गायक सापकोटा वैवाहिक बन्धनमा

लोकगायक अर्जुन सापकोटा वैवाहिक जीवनमा प्रवेश गरेका छन् । उनले दीपा सिम्खडासँग लगनगाँठो कसेका हुन् । बुधबार गोंगबुको एक बैंक्वेटमा विवाह समारोह भएको उनी निकटस्थहरूले बताएका छन् । यो जोडीले प्रेम सम्बन्धलाई विवाहमा परिणत गरेका हुन् । दुवैको परिवार, आफन्त र सीमित साथीभाइको वैवाहिक समारोहमा सहभागिता रहेको जनाइएको छ । सिम्खडा काठमाडौं वनस्थली निवासी हुन् भने सापकोटाको घर नवलपुर हो । गायक सापकोटाको 'पछ्यौरी लिसियो, बनकी चरी, डाँडैको टुनी, पानी परेको, बस्यौ अलक्कै' लगायत गीतहरु चर्चित छन् ।



बिहीबार २४, असोज २०८१ (Thursday, October 10, 2024)

# 'मिसिङः केटी हराएको सूचना'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** आगामी कार्तिक ३० गते रिलिज हुने फिल्म 'मिसिङः केटी हराएको सूचना'को पोस्टर सार्वजनिक भएको छ । ट्री सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको फिल्म ट्री सिटी पिक्चर्स ब्यानरमा निर्माण भएको हो ।

पोस्टरमा रेलको लिकमा फिल्मका नायक नाजिर हुसेन र नायिका सृष्टि श्रेष्ठलाई हात समाएर हिँडिरहेको देख्न सकिन्छ । कुर्ता सुरुवालमा सजिएकी सृष्टिले शीरमा ह्याट लगाएर कालो ब्याग बोकेकी छन् । उनले सेतो रंगको जुत्तासमेत लगाएकी छन् ।

त्यस्तै सर्ट र पेन्टको गेटअपमा देखिएका नाजिरले शीरमा ह्याट लगाएका छन् भने जुत्ता पनि सेतै रंगको छ । पृष्ठभूमिमा फिल्मका अर्का कलाकार दुरा सञ्जय गुप्ता रातो रंगको हिरो होण्डा मोटरसाइकलमा छन् । कालो चस्मा लगाएर काँधमा गाम्छा भिरेका सञ्जयले पान खाएको देख्न सकिन्छ । सञ्जयको पछाडि जनकपुर-जयनगर रुटमा चल्ने रेललाई राखिएको छ । कलाकार र रेलको पृष्ठभूमिमा पहाड र तराईको दृश्य छ । पोस्टर आशिस सापकोटाले डिजाइन गरेका हुन् ।

यो फिल्ममा ३२ वर्षअघिको डकु-ड्रामा 'उजेली'का निर्देशक दीपेन्द्र गौचनको निर्देशन छ । दीपेन्द्रकै निर्माण रहेको फिल्ममा उनकै स्क्रिप्ट लेखन छ । फिल्ममा नाजिर, सृष्टि र सञ्जयसँगै रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । फिल्ममा अमितेष शाहको विशेष भूमिका छन् ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

फिल्ममा अमर महर्जनको डीओपी, निमेष श्रेष्ठको सम्पादन, शंकर महर्जनको द्वन्द्व, दीपेन्द्र गौचन, प्रवेश मल्लिक र करण थापाको संगीत, दीपेन्द्र गौचन, अमितेष शाह, करुण थापाको शब्द, सितुसित बस्नेत, रोहित जोन क्षेत्री, प्रवेश मल्लिक, नेहा प्रियदर्शनी, करण परियार र इन्दिरा जोशीको स्वर, राजीव कर्णको कोरियोग्राफी, काजोल कर्णको सहायक कोरियोग्राफी, जीवन पोखरेल र दीपेशको कष्ट्युम, अकी थेक्पाको आर्ट निर्देशन, राहुल जैरुको सहायक आर्ट निर्देशन र अरुण रेग्मीको प्रोडक्सन छ ।

फिल्मको यसअघि संवादरहित टिजर र 'हेर्दै जाऊ' बोलको गीत सार्वजनिक भइसकेको छ । म्युजिक नेपाल डिजिटल पार्टनर रहेको फिल्म एप्पल इन्टरटेनमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछन् ।

# आजबाट बसन्तको 'ज्वाइँ साब'

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्देशक वसन्त निरौला बिहीबार (आज) फूलपातीको दिनबाट फिल्म 'ज्वाइँ साब' लिएर दर्शकमाझ आउँदै छन् । फिल्म 'विजयपथ'बाट निर्देशनमा पाइला चालेका वसन्तले 'ज्वाइँ साब' सम्म आइपुग्दा एक्सन, प्रेमकथा र राजनीतिकसँग जोडिएको फिल्मसमेत निर्देशन गरे ।

'पहिला मलाई एक्सन फिल्म मनपर्थ्यो । मैले जुन समयमा फिल्म निर्देशनमा डेब्यू गरें, त्यो समयमा एक्सनकै नेपाली फिल्महरू चलिरहेका थिए । त्यो समयमा निखिल उप्रेतीहरूको एक्सन फिल्म चल्थ्यो । अहिले पनि चल्छ । त्यो बेला फरक समय थियो', वसन्त भन्छन्, 'अहिले चाहिँ कमेडीमा फरक केही गरौं कि भन्ने सोचिरहेको थिएँ । हामीले झण्डै डेढ वर्षको योजना पछि यो फिल्म तयार पारेका हौं ।'

वसन्तले फिल्मका लेखक सबिन अधिकारीले आफूलाई 'ज्वाइँ साब'को कन्सेप्ट सुनाएपछि काम गर्न सहमत भएको खुलाए । 'लेखिरहने मान्छेसँग धेरै कन्सेप्ट हुन्छ । अरु कन्सेप्ट पनि आएको थियो । ज्वाइँ साबको कन्सेप्ट आएपछि मलाई यो फिल्म गर्न पाए जस्तो लाग्यो । ज्वाइँ साबमा कथा सामान्य छ, हामीले समाजमा देखिरहेको कथा नै हो', उनी भन्छन् ।

उनले फिल्मको स्क्रिप्टमा काम गरिरहँदा जितु नेपाल भन्दा पनि हाम्रो विषयलाई न्याय गर्न सक्ने एकजना कमेडी कलाकार खोजेको बताए । उनले स्क्रिप्ट फाइनल भइसकेपछि मात्र जितु नेपाललाई भेटेर कथा सुनाएको र उनी सहमत भएपछि मात्र अन्य कलाकार चयनको काम अगाडि बढेको खुलाए ।

वसन्तले फिल्मको कथाले दर्शक 'कनेक्ट' गर्नेमा आफूमा ढुक्क रहेको दाबी गरे । 'विवाह गर्दा बेहुलीलाई घरमा भित्र्याउन चलन छ । हामीले फिल्ममा बेहुलीको स्थानमा बेहुलालाई भित्र्याएका छौं । केटा मान्छे विवाह गरेर अर्काको घरमा भित्र्दा के हुन्छ भनेर परिकल्पना गरेका हौं । 'ज्वाइँ साब' महिला प्रधान फिल्म हो । त्यसकारण पनि फिल्म दर्शकमाझ प्रिय हुन्छ भन्नेमा ढुक्का छौं', उनले भने ।

उनले 'ज्वाइँ साब' पूर्णतया कमेडी मात्र नभई 'इमोसनल' फिल्म पनि भएको बताए । 'फिल्ममा एक समयसम्म कमेडी नै लगेका छौं । कमेडीसँगै इमोसन पनि छ । 'ज्वाइँ साब'मा जितु नेपालले निर्वाह गरेको गोबर्द्धन पण्डित पात्रमा बसेर जुनसुकै लिंगका दर्शकले हेर्यो भने त्यो फिल्म हरेक मान्छेलाई कनेक्ट गर्छ । दर्शकले मिठो विषयमा सामान्य कथा, गाउँघरको र समाजको कथा हेर्न पाउनुहुनेछ', उनले भने ।

फिल्ममा जितु नेपाल, निती शाह, बुद्धि तामाङ, हिमेश पन्त, रमेश बुढाथोकी, प्रकाश घिमिरे, शिशिर वाङ्देल, दीपक आचार्यलगायतका कलाकारको अभिनय छ ।

# 'सानु तिमीले' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'सानु तिमीले' बोलको गीत हालै सार्वजनिक भएको छ । गीतको शब्द र स्वर अशोक विष्टको रहेको छ । यो गीत अहिलेको कालमा नेपालको सबैभन्दा प्रमुख गीतहरूभन्दा एक गीत हो । यस गीतले सङ्गीतको संस्कृति र समाजको सामाजिक रूपमा प्रभाव गरेको हो । गीतको सङ्गीत बिपी वाग्लेले गरेका छन् भने सङ्गीत संयोजन भद्र ओलीले गरेका हुन् ।

यस म्युजिक भिडियोमा गायक विष्ट र रोज ओलीले फिचरिङ गरेका छन् । गीतमा सँगै बाँच्ने वचनबद्धता गरिए पनि मायामा नौलो भएपछि पुरानो फाट्दै गएको हो कि भन्ने भाव प्रस्तुत गरिएको छ ।

भिडियोको निर्देशन सम्पादन र कलरिङ क्रान्ति केसीले गरेका हुन् । निजामती सेवामा व्यस्त विष्टले यसअघि घातभित्र आघात ल्याइसकेका छन् भने छिट्टै मान्छे हामी' र फर्की आउन साथी सङ्गी 'ल्याउने तयारीमा रहेको छ ।

## रंगशाला

# महिला साफ च्याम्पियनसिपको तयारी पूरा

## नेपालले कात्तिक २ गते भूटानसँग खेल्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमै आयोजना हुने महिला साफ च्याम्पियनसिपको सातौं संस्करणको तयारी पूरा भएको छ ।

नेपालमा तेस्रोपल्ट महिला साफ च्याम्पियनसिप आगामी कात्तिक १ देखि १४ गतेसम्म हुँदैछ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलवार पत्रकार सम्मेलन आयोजना गर्दै सातौं संस्करणको तयारी पूरा भएको जनाएको हो ।

यसअघि बंगलादेश, श्रीलंका, पाकिस्तान र भारतले समान एकपल्ट यसको आयोजना गरेको छ । सातौं संस्करणमा पाकिस्तान सहभागी नहुने चर्चा चलेको थियो ।

यद्यपि, अहिलेसम्म त्यसबारे कुनै पनि जानकारी नआएको एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने च्याम्पियनसिमा आयोजक नेपालसहित माल्दिभ्स, पाकिस्तान, श्रीलंका, भारत, भूटान र बंगलादेश गरी सात राष्ट्रले प्रतिष्पर्धा गर्ने छन् ।

कुल सात टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'बी'मा छ । यो समूहमा श्रीलंका माल्दिभ्स र भूटान गरी चार राष्ट्र छन् । अर्को समूह 'ए'मा भने बलिया राष्ट्र भारत, पाकिस्तान र साविक विजेता बंगलादेशले प्रतिष्पर्धा गर्ने तय छ ।

च्याम्पियनसिपको उद्घाटन खेलमा कात्तिक १ गते भारत र पाकिस्तान भिड्दैछन् । आयोजक नेपालले भने कातिक २ गते भूटानसँग खेल्दै घरेलु मैदानको साफ च्याम्पियनसिपको शुरुवात गर्ने भएको छ ।

हालसम्म नेपाल पाँचपल्ट फाइनलमा पुगे पनि उपाधिको स्वाद भने चाख्न पाएको छैन । महिला साफ च्याम्पियनसिपको सफल टोली भारत हो । भारतले पाँचपटक उपाधि उचाल्दा गत संस्करण मात्र बंगलादेशले जितेको छ । घरेलु मैदानमा हुने च्याम्पियनसिपका लागि नेपालले राजेन्द्र तामाङको प्रशिक्षणमा तयारी गरिरहेको छ ।

भर्खर एन्फा महिला लिगको पहिलो चरण पूरा भएको छ । सोही लिगको प्रदर्शनका आधारमा एन्फाले ४० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको थियो । त्यो टोलीबाट मंगलवार मात्र २७ खेलाडी छनोट भएका छन् ।

एन्फाको प्रतियोगिता संयोजक सञ्जीव मिश्रले यसअघि विश्वकप छनोट चरणका खेल नहुनुका साथै एएफसी च्यालेन्ज लिगको प्रारम्भिक चरणको खेलमा पारो एएफसी र चर्च ब्वाइजबीचको प्रतिष्पर्धाका क्रममा दशरथ रंगशालाको अवस्थाबारे भएको आलोचना नदोहोरिने बताए ।

आगामी २७ गते म्याच कमिसनर आउने र त्यसअघि नै मैदान र अन्य आवश्यक पक्षबारे राम्रोसँग तयारी हुने मिश्रको भनाइ छ । उनले यसल्ट उत्कृष्ट मैदान र वातावरण दिन तयार रहेको बताए ।

विदेश लिग खेलिरहेका रेखा पौडेल र सावित्रा भण्डारीले पनि साफ च्याम्पियनसिप खेल्ने मिश्रले बताए । यसबारे खेलाडीसँग पनि कुराकानी भइरहेको उनको भनाइ छ । प्रतियोगिता हुनुभन्दा तीन दिन अगाडि रिलिज हुने उनको विश्वास छ ।

यस च्याम्पियनसिपमा सहभागी टोलीलाई एन्फा मुख्यालय, नेपाली सेनाको भद्रकाली र लगनखेल खेल मैदान तथा सेन्ट जेभियर्सको खेल मैदानमा प्रशिक्षणको व्यवस्था गरिएको एन्फाले उल्लेख गरेको छ । यस च्याम्पियनसिपको अनुमानित बजेट चार करोड ६० लाख ८०० रूपैयाँ छ ।

# दुई कार्यकारीसहित नौ बोर्ड सदस्य रिक्त

■ प्रभाव संवाददाता

**काठमाडौं** – राष्ट्रिय खेलकुद परिषद्को ९ बोर्ड सदस्यको पद रिक्त भएको छ । मन्त्री परिषद्बाट नियुक्ति पाएका दुई कार्यकारी सहित राखेपका ९ बोर्ड सदस्यको चार वर्षको पदावधि मंगलबार सकिएको हो । २०७७ साल असोज २३ गतेको मन्त्री परिषद्को बैठकले राष्ट्रिय खेलकुद विकास ऐन २०७७ अनुसार ९ बोर्ड सदस्य नियुक्त गरेको थियो ।


बोर्ड सदस्यहरू मानदेव हजारा, पुरेन्द्र बिक्रम लाखे, राजेश गुरुङ, मोहमद सागिर शेख, नन्दा बस्याल, यकेन्द्र कुँवर, चन्द्रबदना राई, एलबी क्षेत्री र सुमित्रा चौधरी रहेका छन् । हरी खड्काको स्थानमा मन्त्रीपरिषद्ले एलबी क्षेत्रीलाई बाँकी कार्यकालका लागि नियुक्त गरेको थियो ।

यकेन्द्र कुँवर र नन्दा बस्याल कार्यकारी सदस्यको भुमिकामा काम गर्दै आएका थिए ।

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्री परिषद्ले क्याबिनेटबाट नियुक्त हुने ९ जनामा एमाले पृष्ठभुमीका खेलकर्मीलाई नियुक्ती दिएको थियो ।

पछिल्लो समय खेलकुद मन्त्रालयको नेतृत्व गरिरहेका युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले राखेपका ६ जना बोर्ड सदस्यलाई पदबाट हटाउने निर्णय गरेका थिए । मन्त्रीको निर्णयविरुद्ध अदालत गएका तीन जना बोर्ड सदस्य अन्जन धमला, सम्राट कुसारी र जनक बर्तौलाले अन्तरिम आदेश लिएर अल्पकालिन रूपमा पदमा फर्किएका छन् । अदालतको अन्तरिम फैसलाले राखेप अध्यक्षको हैसियतमा खेलकुद मन्त्रीले नियुक्ति गर्ने तयारी गरेका बोर्ड सदस्यको सूचि अलपत्र परेको छ ।

# पाल्मर इङ्ल्यान्डको वर्ष उत्कृष्ट खेलाडी



**काठमाडौं (एजेन्सी)–** अट्याकिङ मिडफिल्डर कोल पाल्मरले इङ्ल्यान्डको वर्ष उत्कृष्ट खेलाडी (सन् २०२३-२४) को अवार्ड जितेका छन् ।

इङ्लिस प्रिमियर लिग क्लब चेल्सीका २२ वर्षीय मिडफिल्डर पामर इङ्ल्यान्डका समर्थकको मनपर्ने खेलाडी घोषित भएका हुन् । स्पेनिस क्लब रियल मड्रिडका मिडफिल्डर जुड बेलिङ्घम दोस्रो र आर्सनलका फरवार्ड बुकायो साका तेस्रो स्थानमा रहे । पामरले नोभेम्बर २०२३ मा माल्टामाथि २-० को घरेलु जितमा इङ्ल्यान्डको टोलीमा डेब्यु गरेका थिए । उनले युरो कप २०२४ का पाँचसहित राष्ट्रिय टोलीबाट नौ खेल खेलेका छन् । त्यस अवधिमा दुई गोल गरेका छन् ।

उनको एक गोल जुलाईमा स्पेनविरुद्ध गरेका थिए । यो सिजन उनले प्रिमियर लिगका सात खेलमा ६ गोल गरेका छन् । सन् २०१० पछि यो अवार्ड जित्ने उनी पहिलो चेल्सीका खेलाडी बनेका छन् । यसअघि इङ्ल्यान्डका सहायक प्रशिक्षक एश्ले कोलले यो अवार्ड जितेका थिए ।




अस्ट्रेलियाको सिड्नीमा प्यालेस्टाइन र लेबनानको समर्थनमा मंगलबार आयोजित प्रदर्शनमा सहभागी । गाजा द्वन्द्वको पछिल्लो चरण एक वर्ष पूरा भएकोले प्यालेस्टाइन र लेबनानको समर्थनमा आवाज उठाउदै मानिसहरूले विश्वका धेरै ठाउँमा प्रदर्शनमा भाग लिए । *तस्बिर: सिन्ह्वा*

# ब्याजदर यथावत् राख्ने भारतको केन्द्रीय बैंकको निर्णय

**मुम्बई–** भारतको केन्द्रीय बैंकले बुधबार ब्याजदरलाई स्थिर राख्ने निर्णय सार्वजनिक गरेको छ । विश्वको पाँचौं ठूलो अर्थव्यवस्थामा वृद्धि मध्यम रहेको अवस्थामा बैंकले भविष्यमा ब्याजदर कटौतीका लागि ढोका खुला छोडेको छ ।

भारतीय रिजर्भ बैंक अफ इन्डिया (आरबिआई) ले भनेको छ, 'ब्याजदरमा महत्त्वपूर्ण मानिने 'रिपो रेट' अर्थात् केन्द्रीय बैंकले वाणिज्य बैंकबाट ऋणमा तिर्ने अल्पकालीन ब्याजमा लगातार दशौं बैठकमा पनि ६.५ प्रतिशतमा अपरिवर्तित रहने छ ।'

केन्द्रीय बैंकका गभर्नर शक्तिकान्त दासले मुद्रास्फीतिलाई आफ्नो लक्ष्यसँग जोड्न बैंक 'स्पष्टरूपमा केन्द्रित' रहने र अझै पनि वृद्धिलाई समर्थन गर्ने बताएका छन् । उनले भने, 'धेरै प्रयासका साथ मुद्रास्फीतिको दरलाई स्थिरमा ल्याइएको छ ।'

'हामीले ब्याजदर वृद्धि गर्दा धेरै होसियार हुनुपर्छ किनकि मुद्रास्फीति दर फेरि एक्कासि उच्च हुनसक्छ,' दासले भने । अमेरिकी फेडरल रिजर्भसहित विश्वका प्रमुख केन्द्रीय बैंकहरूले मुद्रास्फीतिमा कमी आएसँगै विश्वव्यापी सहजता चक्र सुरु गरेका छन्, जसले गत महिना चार वर्षमा पहिलोपटक ब्याजदर घटाएको थियो ।

भारतको खुद्रा मुद्रास्फीति अगस्टमा ३.६५ प्रतिशतमा कायम भएको थियो, जुन जुलाईमा रेकर्ड गरिएको ३.५४ प्रतिशतको तुलनामा केही बढी हो । मध्यपूर्वमा जारी द्वन्द्वले भविष्यमा उल्टो जोखिम निम्त्याउनसक्ने विश्लेषकहरूको बुझाइ छ ।

आरबिआईको मौद्रिक नीति समितिले भने आफ्नो नीतिगत अडानलाई पहिलेको स्थितिबाट 'तटस्थ' मा परिवर्तन गर्ने घोषणा गरेको छ । यसले भविष्यमा दर कटौतीको आधार तयार गरेको छ । भारतीय केन्द्रीय बैंकको यो निर्णय आर्थिक वृद्धिमा सुस्तताको प्रारम्भिक संकेतपछि आएको हो ।

मार्चदेखि जुनसम्मको त्रैमासिकमा भारतको आर्थिक वृद्धिदर ६.७ प्रतिशत रहेको छ भने सरकारी खर्चमा कमी र केही आर्थिक सूचकहरूले सहरी उपभोक्ताको भावनामा सुस्तता देखाएका छन् । तथ्यांकले भारतलाई विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्रको सूचीमा राखेको छ, तर यो पाँच त्रैमासिकमा वृद्धिदरमा सामान्य सुस्तता देखिएको छ । यो वृद्धिदर केन्द्रीय बैंकको ७.१ प्रतिशतको अनुमानभन्दा कम हो ।

अन्तर्राष्ट्रिय मुद्राले सन् २०२४/२५ मा भारतको आर्थिक वृद्धिदर सात प्रतिशत रहने प्रक्षेपण गरेको छ । आरबिआईले मे २०२२ देखि फेब्रुअरी २०२३ को बीचमा २.५ प्रतिशत बिन्दुले ब्याजदर वृद्धि गरेको थियो । *रासस/एएफपी*

# राष्ट्रसंघको शरणार्थी पुरस्कार ब्राजिलीयाली भिक्षु माइलेसीलाई, नेपालकी गुरुङ पनि सम्मानित





**जेनेभा-** आप्रवासी र शरणार्थीको अधिकारका लागि दशकौं लामो समयदेखि काम गर्दै आएकी ब्राजिलीयाली भिक्षुणी रोसिटा माइलेसीले बुधबार संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय (युएनएचसिआर)को नानसेन पुरस्कार जितेकी छन् । ७९ वर्षीय माइलेसीले ४० वर्षको अवधिमा ब्राजिलमा कानुनी कागजात, आवास, खाना, स्वास्थ्य सेवा, भाषा प्रशिक्षण र श्रमबजारमा पहुँच पुर्‍याउन हजारौं मानिसलाई सहयोग गरेको युएनएचसिआरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

माइलेसीसहित चार क्षेत्रीय पुरस्कार पनि सबै महिलाहरूलाई दिइएको छ । माइलेसीसँगै क्षेत्रीय पुरस्कारबाट नेपालकी दीप्ति गुरुङ, बुर्किना फासोकी मैमौना बा, सिरियाली जिन डाभोद, सुडानी शरणार्थी नाडा फाडोल सम्मानित भएका छन् ।

सम्मानित हुने चार व्यक्तित्त्वमध्येकी एक नेपाली चेली गुरुङ रहेकी छन् । उनले आफ्ना छोरीहरू राज्यविहीन भएपछि नेपालको नागरिकता कानुनमा सुधारका लागि अभियान चलाएकी थिइन् ।

'मैले आप्रवासी र शरणार्थीहरूका लागि आफूलाई समर्पित गर्ने निर्णय गरें । म शरणार्थीहरूलाई सहयोग गर्न, स्वागत गर्न र एकीकृत गर्न बढ्दो आवश्यकताबाट प्रेरित छु,' माइलेसीले पुरस्कृत भएपछि दिएको संक्षिप्त टिप्पणीमा भनेकी छन् ।

रोमन क्याथोलिक भिक्षुणीले माइग्रेसन एण्ड ह्युमन राइट्स इन्स्टिच्युटलाई शरणार्थीको हक हितका लागि नडराइकन काम गर्न निर्देशन दिँदै भनिन्, 'म काम गर्न डराउँदिन, यद्यपि हामीले चाहेको सबै कुरा प्राप्त गर्न सक्दैनौं । यदि मैले त्यसो गर्न सक्थें भने यसलाई प्राप्त गर्न म संसारलाई उल्टो पारिदिने थिएँ ।'

युएनएचसिआरले उनको कामको बारेमा प्रकाश पार्दै माइलेसीले शरणार्थीको हक र हितका लागि एक सशक्त वकिलको रूपमा काम गरेकी उल्लेख गरेको छ । उनको कामले विशेषगरी ब्राजिलको १९९७ को शरणार्थी कानुन निर्माणमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको सार्वजनिक नीतिलाई आकार दिन 'महत्त्वपूर्ण' भूमिका खेलेको बताइएको छ ।

उनले ब्राजिलको सन् २०१७ को आप्रवासन कानुनमा पनि यस्तै भूमिका खेलेकी थिइन् । यो कानुनले ब्राजिलका विभिन्न समूहलाई एक ठाउँमा ल्याउने र सांसदहरूलाई परिचालन गर्ने काम भएको थियो ।

संयुक्त राष्ट्रसंघका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले जारी गरेको वक्तव्यमा भनिएको छ, 'प्रायःजसो महिलाहरूले भेदभाव र हिंसाको उच्च जोखिमको सामना गर्छन्, विशेषगरी जब उनीहरू भाग्न बाध्य हुन्छन् । तर, यी पाँच विजेताहरूले कसरी महिलाहरूले मानवीय प्रतिक्रिया र समाधान खोज्नमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् भन्ने देखाउँछन् ।'

बुर्किना फासोकी अधिकारकर्मी मैमौना बाले १०० भन्दा बढी विस्थापित बालबालिकालाई कक्षाकोठामा फर्कन मद्दत गरेकी छन् । सिरियाली शरणार्थी र सामाजिक उद्यमी जिन डाभोद पनि क्षेत्रीयस्तरको राष्ट्रसंघीय शरणार्थी पुरस्कारबाट सम्मानित भएकी छन् । उनले हजारौं आघात पीडितहरूलाई लाइसेन्स प्राप्त चिकित्सकहरूसँग जोड्न अनलाइन प्लेटफर्म निर्माण गरेकी थिइन् ।

सयौं शरणार्थी परिवारका लागि सहायता जुटाउने कामका लागि सुडानी शरणार्थी नाडा फाडोल पनि राष्ट्रसंघीय शरणार्थी पुरस्कारबाट सम्मानित भएकी छन् । जसले इजिप्टमा भागिरहेका सयौं शरणार्थी परिवारका लागि सहायता जुटाइन् ।

मोल्दोभाका नागरिकले छिमेकी युक्रेनको युद्धबाट भागेर आएका १० लाखभन्दा बढी मानिसहरूलाई समायोजित गर्ने सामूहिक प्रयासका लागि पुरस्कृत गरिएको छ । माथि उल्लिखित सबै पुरस्कार आगामी अक्टोबर १४ मा जेनेभामा प्रदान गरिने छ ।

सन् १९५४ मा स्थापना भएको नानसेन पुरस्कारअन्तर्गत विजेताको कामलाई परिपूरक बनाउने परियोजनाका लागि एक लाख अमेरिकी डलर प्राप्त गर्ने छन् । क्षेत्रीय विजेताले जनही २५ हजार अमेरिकी डलर प्राप्त गर्ने छन् । सन् १९२२ को नोबेल शान्ति पुरस्कार विजेता नर्वेजियन ध्रुवीय अन्वेषक फ्रिडजोफ नानसेनको नामबाट यो पुरस्कारको नामकरण गरिएको हो ।

उनले नानसेन राहदानी विकास गरेका थिए । यसले सन् १९४२ सम्म शरणार्थीहरूका लागि एक परिचयपत्र र यात्रा अनुमतिको रूपमा काम गर्दथ्यो । नानसेन पुरस्कारको गत वर्षको विश्वविजेता सोमालियाकी पूर्वशरणार्थी अब्दुल्लाही मिरे हुन् भने सन् २०२२ मा जर्मनीकी पूर्वचान्सलर एञ्जेला मर्केल विश्वविजेता बनेकी थिइन् । *रासस/एएफपी*

# जापानका प्रधानमन्त्रीले गरे संसद् विघटन

**टोकियो-** जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आगामी अक्टोबर २७ मा हुने मध्यावधि निर्वाचनको पूर्वसन्ध्यामा बुधबार संसद् विघटन गरेका छन् । इशिबाको लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी) ले दशकौंदेखि जापानमा लगभग निर्वाधरूपमा शासन गर्दै आएको छ । यो दलमा बारम्बार नेता परिवर्तन भइरहँदा जनताको विश्वास घट्ने क्रम बढेको छ । एलडिपी पुनः निर्वाचित हुने लगभग निश्चित छ ।

गत हप्तामात्र प्रधानमन्त्रीमा नियुक्त भएका इशिबा जापानको जनसांख्यिकीय संकटबाट प्रभावित गरिब क्षेत्रका साथै रक्षामा खर्च बढाउनेजस्ता नीतिहरूमार्फत आफ्नो जनादेशलाई अगाडि बढाउन चाहन्छन् । इशिबाले बुधबार पत्रकारहरूसँग भने, 'हामी यो निर्वाचनलाई निष्पक्ष र इमानदारीपूर्वक सामना गर्न चाहन्छौं, ताकि यो सरकारले (जनताको) विश्वास प्राप्त गर्न सकोस् ।'

संसद्का सभामुखले सम्राटको छाप भएको प्रधानमन्त्रीको पत्र पढेर सुनाएका थिए, जसमा सांसदहरूले 'बञ्जाई' को नारा लगाएपछि औपचारिकरूपमा संसद् विघटन गरेका हुन् ।

इशिबाका पूर्ववर्ती फुमियो किशिदाको तीन वर्षे सरकारले स्लश कोष प्रकरण र बढ्दो मूल्यवृद्धिमा मतदाताको असन्तोषका कारण अत्यधिक न्यूनदरमा अनुमोदित हुनुपरेको थियो । गत हप्ता भएको सर्वेक्षणले इशिबालाई ४५-५० प्रतिशतले अनुमोदन गरेको थियो भने किशिदा प्रशासनको अन्तिम महिनामा किशिदालाई २०-३० प्रतिशत अनुमोदन दर (समर्थन) थियो ।

इशिबाका समर्थकहरूले आत्म-स्वीकृत प्रतिरक्षा 'गिक' र एलडिपीको संस्थापन पक्षका मुखर आलोचक इशिबाले पार्टीको लोकप्रियतालाई बढावा दिने र युवाहरूलाई मतदानमा आकर्षण गर्ने विश्वास लिएका छन् ।



टोकियो विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक यु उचियामाका अनुसार अहिले संसद् विघटन गरेर ६७ वर्षीय इशिबाले आफ्नो '१०० दिन' को शासन अवधि सकिनुअघि नै आफ्नो पार्टीलाई परीक्षण गर्न चाहेका छन् । उनले एएफपीसँग भने, 'पार्टीको नेतृत्वमा 'अनुहार' परिवर्तन हुनेबित्तिकै मध्यावधि चुनाव घोषणा गर्न चाहनु बुद्धिमानी हो । अझै पनि एलडिपीप्रतिको समर्थन कायमै छ । उचियामाले इशिबा पनि विपक्षी शक्तिलाई समाप्त चाहन्छन् किनकि एलडिपीका सत्रुहरू चुनावमा एकअर्कासँग कसरी समन्वय गर्ने भन्नेबारे अनिश्चित छन् ।'

तर यति चाँडो मध्यावधि निर्वाचन गर्ने प्रधानमन्त्रीको निर्णयले संसद्मा प्रतिपक्षलाई प्राथमिकता दिने उनको अघिल्लो प्रतिबद्धताविपरीत काम गरेको भन्दै आलोचना पनि भएको छ । 'केही मतदाताले यसलाई राजनीतिक लाभका लागि संसद् विघटन गर्न 'आफ्नो पार्टीभित्रको दबाबका सामु झुक्नु' निराशाजनक संकेतका रूपमा हेरेका छन्,' उचियामाले भने । सप्ताहन्तमा इशिबाले एलडिपीले चुनावमा राजनीतिक चन्दा काण्डमा मुछिएका पार्टीका केही अपमानित सदस्यहरूलाई समर्थन नगर्ने घोषणा गरेका थिए ।

यो घोषणाले उनी 'कडा' हुन सक्छन् र 'सम्भवतः उनीप्रति जनताको विश्वास केही हदसम्म पुनः प्राप्त गर्न सक्छन्' भन्ने कुरा जनतासामु प्रदर्शन गर्ने उनको चाहनालाई प्रतिबिम्बित गरेको उचियामाले बताए । इशिबाले एसियामा सुरक्षा वातावरण 'दोस्रो विश्वयुद्धको अन्त्यपछिको सबैभन्दा गम्भीर' रहेको बताउँदै शुक्रबार आफ्नो पहिलो नीति भाषणमा 'भोलिको पूर्वी एसिया आजको युक्रेन हुनसक्ने' चेतावनी दिएका छन् ।

जापानले पनि जनसांख्यिकीय संकटको सामना गरिरहेको छ किनकि जापानको वृद्ध उमेर समूहको जनसंख्या र जन्मदर निकै चिन्ताजनक छ । इशिबाले यसलाई आफ्नो नीति तथा कार्यक्रममा 'बिल्कुल संकटोन्मुख'को संज्ञा दिएका थिए । उनले आफ्नो सरकारले काम गर्ने समयलाई लचिलो पार्दै परिवारिक वातावरणका उपायहरूलाई बढावा दिने बताएका छन् ।

इशिबा प्रशासनले 'जापानको अर्थव्यवस्थालाई अपस्फीतिबाट बाहिर निकाल्ने सुनिश्चित गर्ने' प्रतिज्ञा गरेको छ भने नयाँ प्रोत्साहन प्याकेजको साथसाथै स्थानीय सरकार र कम आय भएका परिवारहरूका लागि सहयोग गरी आय बढाउन चाहन्छ ।

यसैबीच, जापानको प्रमुख विपक्षी दल कन्स्टिच्युसनल डेमोक्रयाटिक पार्टीले समलिंगी विवाहलाई वैधानिकता दिने प्रतिबद्धतासहित विविध विषयमा एलडिपीभन्दा आफूलाई अलग राख्न चाहेको छ । यसले विवाहित दम्पतीलाई छुट्टै उपनाम राख्न अनुमति दिने प्रतिज्ञा पनि गरेको छ । *रासस/एएफपी*

# काश्मिरमा अपहरणपछि एक भारतीय सैनिकको हत्या

**श्रीनगर-** भारत प्रशासित काश्मिरमा निर्वाचनको परिणाम सार्वजनिक भएको केही घण्टापछि एक सैनिकलाई सन्दिग्ध लडाकुले अपहरण गरी हत्या गरेको प्रहरीले जनाएको छ ।

भारत प्रशासित काश्मिरमा एक दशकपछि पहिलोपटक भएको विधानसभा निर्वाचनको परिणाम सार्वजनिक भएको केही घण्टापछि प्रहरीले एक सैनिकलाई सन्दिग्ध लडाकुले अपहरण गरी हत्या गरेको जनाएको छ । सन् १९४७ मा बेलायती शासनबाट स्वतन्त्र भएदेखि नै मुस्लिम बाहुल्य रहेको काश्मिर भारत र पाकिस्तानबीच विभाजित छ ।

अनन्तनाग जिल्लामा मंगलबार साँझ दुई सैनिकको अपहरण भएको प्रहरी अधिकारीले एएफपीलाई जानकारी दिएका छन् । 'एक जना सैनिक भाग्न सफल भए । उनलाई दुईवटा गोली लागेको छ र उनको उपचार भइरहेको छ,' नाम नबताउने सर्तमा ती अधिकारीले भने ।

सैनिकद्वयको अपहरणपछि उनीहरूको खोजी सुरु गरिएको र केही घण्टापछि अर्थात् बुधबार बिहान अर्का एक सैनिकको शव जंगलमा फेला परेको थियो । सन् १९८९ यता दशौं हजार सर्वसाधारण, सैनिक र विद्रोही मारिएको सशस्त्र विद्रोहसँग जुधिरहेका काश्मिरमा कम्तीमा पाँच लाख भारतीय सेना तैनाथ छन् ।

भारतले पाकिस्तानमाथि विद्रोहीलाई सहयोग र हतियार उपलब्ध गराएको आरोप लगाउँदै आएको छ । आणविक शक्ति सम्पन्न यी छिमेकीले सन् १९४७ देखि यस क्षेत्रको नियन्त्रणका लागि कयौंपटक लडाइँ गरेका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५९१०० | प्रति तोला - ० | प्रति तोला - १९०० |



**स्याउको सुकुटी** | मुस्ताङमा स्याउको सिजन सुरू भएसँगै स्याउबाट बन्ने कोसेलीका विभिन्न परिकारमध्ये स्याउको सुकुटी बनाउँदै कृषक । स्याउको सुकुटीलाई आन्तरिक तथा बाह्य पर्यटकले कोसेलीको रुपमा लैजाने गरेका छन् ।
*तस्बिरः सुशील थकाली/रासस*

# नयाँ नोट नछाप्दा डेढ अर्ब फाइदा

■ प्रभाव संवाददाता



**काठमाडौं-** नेपाल राष्ट्र बैंकले दसैंतिहारलाई लक्षित गरी यस वर्ष नयाँ नोट मुद्रण नगर्दा नोट सटहीको चाप ह्वात्तै घटेको छ ।

गत वर्ष राष्ट्र बैंकले काठमाडौं उपत्यकामा मात्र साढे १४ अर्ब तथा देशभर २९ अर्ब नयाँ नोट सटही गरेको थियो । यस वर्ष करिब रु चार अर्बमा सिमित रहेको छ । यो झण्डै २५ अर्बले कम हो ।

राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका निर्देशक बासुदेव भट्टराईका अनुसार यस वर्ष राष्ट्र बैंक मातहतका कार्यालयबाट करिब दुई अर्ब र अन्य बैंकबाट पनि सोही बराबरीको नोट सटही भएको अनुमान छ । नयाँ नोट मुद्रण नहुँदा त्यसका लागि हुने खर्च जोगिएको छभने सटहीका लागि थप जनशक्ति व्यवस्थापनको झन्झट बैंकले व्यहोर्न परेन । उहाँका अनुसार अघिल्लो वर्ष नयाँ नोट मुद्रणका लागि मात्रै पनि झण्डै डेढ अर्ब खर्च लागेको थियो ।

'देशभर ६६ लाख घरपरिवार छन् । त्यसमा ५० प्रतिशत अर्थात् ३३ लाख परिवारलाई नयाँ नोट सटहीको पहुँच नभए पनि आधाका लागि विभिन्न दरका नोट छाप्न छ अर्बसम्म खर्च हुन्छ ।'

यस वर्ष बैंकले नयाँ नोट मुद्रण नगरी हाल चलनचल्ती रहेका सफा र सुकिला नोटको प्रयोगलाई जोड दिएको छ । बैंकको उक्त नीतिअनुरूप यस वर्षको दसैंतिहार लगायतका चाडबाडमा चलनचल्तीकै सुकिला नोट प्रयोग हुनेछ । नयाँ नोट दसैंतिहारजस्ता पर्वमा मात्र अत्याधिक माग हुने तथा त्यसपछि बैकका ढुकुटीमा थुप्रिएर बस्ने भएकाले त्यस्ता जम्मा भएका नोटको सदुपयोग गर्ने र नोट छपाईका लागि लाग्ने फजूल गर्न राक्ने राष्ट्र बैंकले सुकिला नोटको प्रयोगलाई प्रोत्साहन गरेको हो ।

प्रत्येक वर्ष चाडबाडमा नयाँ नोट छापिने तथा घुमिफिरी ती नोट बैंकको ढुकुटीमा थुप्रिने क्रम बढेपछि बैंकले यस वर्ष चल्ने हदसम्म त्यस्ता नोटको सदुपयोग गर्ने निर्णयमा पुगेको निर्देशक भट्टराईको भनाइ थियो ।

पुराना नोट थिचिएर तथा ओसिएर स्वतः नष्ट हुँदै जाने भएकाले प्रयोग गर्न सकिने हदसम्म चलन चल्तीकै नोट उपयोग गर्न सकियोस् भनी यसपटक नयाँ नोट नछापिएको उनको भनाइ छ ।

राष्ट्र बैंकले चलनचल्तीकै नोट प्रयोगमा जोड दिएपछि सटहीमा हुने चाप कम हुनुका साथै नयाँ नोटका नाममा हुन सक्ने फजूल खर्चसमेत केही हदसम्म रोकिने अनुमान छ ।

गत वर्ष छापिएको भन्दा तीन गुणासम्म बढी नोट हाल बजारमा र बैंक ढुकुटीमा मौज्दात रहेकाले पनि नयाँ नोट निकाल्न नपरेको उनको तर्क छ । उनले भने, 'नयाँ होस् पुरानो जेभए पनि नोटको मूल्य र महत्व एउटै हुन्छ । नयाँ भनेर राज्यलाई अतिरिक्त आर्थिक भार थप्न हुँदैन ।' सफा र सुकिला नोट प्रयोगलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै उनले आगामी वर्षमा अहिले चलन चल्तीमा रहेकाभन्दा अझ सुकिला नोटले निरन्तरता पाउने विश्वास व्यक्त गरे ।

# उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगका पदाधिकारीलाई नियुक्तिपत्र

■ प्रभाव संवाददाता



**काठमाडौं-** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगका पदाधिकारीहरूलाई नियुक्तिपत्र र कार्यसर्त प्रदान गरेका छन् ।

आयोगका अध्यक्ष रामेश्वर खनालले सबै पक्षसँग व्यापक परामर्श गरी सरकार, मन्त्री, सरोकारवाला र जनताले अपेक्षा गरेअनुसारको प्रतिवेदन तयार पार्ने प्रतिबद्धता व्यक्त गरे ।

आयोगका पदाधिकारीहरूले अर्थतन्त्रको समस्या, चुनौती पहिलाइ पोलिसी डेपार्चर गर्ने गरी प्रतिवेदन तयार पार्ने बताएका छन् । गत सोमबार सरकारले अर्थतन्त्रमा सुधारका लागि सुझाव दिन खनालको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा. रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल रहेको आयोग गठन गरेको थियो । आयोगको कार्य समय छ महिनाको तोकिएको छ ।

# विश्व बैंकले २० अर्ब ऋण दिने

**काठमाडौं (प्रस)-** बाढीपहिरो पीडितका लागि विश्व बैंकले करिब २० अर्ब रूपैयाँ अर्थात् १ सय ५० मिलियन अमेरिकी डलर ऋण सहयोग गर्ने भएको छ । विश्व बैंकको सञ्चालक समितिले ऋण सहयोगलाई स्वीकृति दिने निर्णय गरेको नेपालस्थित विश्वबैंकको कार्यालयले जानकारी दिएको छ ।

विश्वबैंकले जारी गरेको विज्ञप्तिमा बाढी-पहिरोले पुऱ्याएको क्षतिको पुनर्निर्माण, बस्ती व्यवस्थापन तथा पीडितको राहतका लागि तत्कालका लागि ठूलो रकम चाहिने भएकाले उल्लिखित रकम ऋण सहयोग प्रदान गर्ने निर्णय भएको उल्लेख छ ।

# सामान्य बढ्यो नेप्से

**काठमाडौं (प्रस)-** नेप्सेमा बुधबार सामान्य वृद्धि देखिएको छ । बुधबार नेप्से ४.८५ अङ्कले बढेर २६६८.१७ विन्दुमा रोकिएको हो ।

कूल २९४ कम्पनीको सेयर कारोबार हुँदा ८३ लाख १२ हजार ६८५ कित्ता सेयर ३ अर्ब ७६ करोड १५ लाख १२ हजार ७०६ को खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार मिड सोलु हाइड्रोको सेयर मुल्यमा सकारात्मक सर्किट लागेको छ भने थ्री स्टार हाइड्रोको सेयर मुल्यमा नकारात्मक सर्किट लागेको छ ।

त्यसैगरी नेसनल फानान्सको सबैभन्दा बढी २२ करोड १ लाख ५८ हजारको सेयर कारोबार भएको छ । त्यस्तै सानिमा बैंकको ५ लाख ५५ हजार ३१८ कित्ता सेयर कारोबार भएको छ ।

# उद्योग परिसंघबाट बाढीप्रभावितलाई राहत वितरण

■ प्रभाव संवाददाता



**काठमाडौं-** नेपाल उद्योग परिसंघले हालै आएको अविरल वर्षापछिको बाढी पहिरो प्रभावितहरूलाई राहत वितरण गरेको छ । परिसंघले ललितपुर जिल्लाको महाँकाल गाउँपालिका वडा नं. ६ ठुलादुर्लुङका सय घर परिवार र गोदावरी नगरपालिका वडा नं. ७ का सय घर परिवारलाई खाद्य सामाग्रीहरू उपलब्ध गराएको हो ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले बुधबार ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठमार्फत दुई सय घर परिवारका लागि राहत सामाग्री प्रदान गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी श्रेष्ठले परिसंघले दिएको राहत सामाग्री महाकाँल गाउँपालिकाका उपाध्यक्ष डोल्मा माया गोले र गोदावरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर खड्कालाई उपलब्ध गराए । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले ललितपुरका यी विकट क्षेत्रका स्थानीयका लागि राहत सामग्री उपलब्ध गराएकोमा परिसंघलाई धन्यवाद दिए ।

सो अवसरमा सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपाल, नेपाल उद्योग परिसंघ पदाधिकारी सदस्य सन्दिप शारडा, महानिर्देशक डा. घनश्याम ओझासहित प्रशासन कार्यालयका उच्च कर्मचारीहरू सहभागी थिए ।

# लुक्लामा एकै दिन २०० उडान

■ प्रभाव संवाददाता



**सोलुखुम्बु-** विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण तथा खुम्बु क्षेत्रको पदयात्रामा आएका पर्यटकले यो मनमोहक स्थान भरिभराउ भएको छ । लुक्ला विमानस्थलमा एकैदिन दुई सय उडान भएका छन् ।

नेपाल नागरिक उड्ययन प्राधिकरण लुक्लाका प्रमुख उमेश पन्थीका अनुसार मंगलबार रामेछापको मन्थली र काठमाडौंबाट एक सय ९८ वटा उडान भएका हुन् । हवाईजहाजले ६१ र हेलिकप्टरले एक सय ३९ उडान भरेका छन् । उक्त दिन एक हजार पाँच सय ३९ जना पर्यटक खुम्बु भित्रिएका छन् ।

हवाईजहाजबाट एक सय ६७ स्वदेशी र छ सय ६७ जना विदेशी गरी आठ सय ४ तथा हेलिकप्टरबाट छ सय ९५ पर्यटक लुक्ला ओर्लिएका उनले बताए । पर्यटक आगमनको याम सुरु भएकाले उडान संख्या अझै बढ्ने उनले बताए । यद्यपि पर्यटक लिएर काठमाडौं र रामेछापको मन्थलीबाट आएका विमान प्रायः रित्तै फर्कने गरेका छन् । लुक्ला आउने पर्यटकको चाप हुने भएकाले फर्कनेको सफ्या न्यून हुने गरेको तारा एयरलाइन्सका अमृत मगरले बताए ।

पदयात्राको याम सुरु भएसँगै पर्यटन व्यवसायीसमेत उत्साहित बनेको नाम्चेका व्यवसायी लामाकाजी शेर्पाले बताए । उनले भने, 'अहिले हामीलाई पाहुनाको सत्कारमा भ्याइनभ्याइ छ ।'

पर्यटन मार्गमा पर्ने लुक्ला, जोरसल्ले, फाक्दिङ, नाम्चे, खुम्जुङ, तेङ्बोचेलगायत ठाउँका होटल व्यवसायी पर्यटकको स्वागत सत्कारमा व्यस्त छन् । त्यस क्षेत्रका बाटो, चौतारा तथा होटल, लज पर्यटकले नै भरिभराउ छन् । सगरमाथा क्षेत्रमा प्रवेश गर्ने पर्यटकको जोरसल्ले प्रवेशद्वारमा अनिवार्य दर्ता गर्ने व्यवस्था रहेको सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चेका सूचना अधिकारी मनोजकुमार मण्डलले बताए ।

२०३२ मा स्थापना भएको सगरमाथा राष्ट्रिय निकुञ्ज एक हजार एक सय ४८ वर्गकिमी क्षेत्रफलमा फैलिएको छ । निकुञ्जभित्रको गोक्यो ताललाई सन् २००७ मा रामसार सूचीमा समावेश गरिएको सूचना अधिकारी मण्डलले जानकारी दिए । सन् १९७९ देखि निकुञ्जलाई विश्व सम्पदा सूचीमा समावेश गरिएको हो । निकुञ्जमा कस्तुरी मृग, थार, घोरल, लङ्गुर बाँदर, मोनाल, हाँइटे, हर्न लार्क, टिबेटन स्नो कक, चुग पाइन्छन् । निकुञ्ज क्षेत्रभित्र बसोबास गर्ने मानिसको सङ्ख्या तीन हजारभन्दा बढी रहेको संरक्षण अधिकृत मण्डलले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ